भारतको राजपत्र

असाधारण

भाग - II – खण्ड – I

प्राधिकारद्वारा प्रकाशित

सङ्ख्या 64 नयाँ दिल्ली, सोमबार, दिसम्बर 26, 2005, पौष 5, 1927

यस भागमा अलग पृष्ठ सङ्ख्या दिइएको छ, जसद्वारा यसलाई अलग सङ्कलनको रूपमा राख्नसकियोस्।

विधि एवं न्याय मन्त्रालय

(विधान विभाग)

नयाँ दिल्ली, 26 दिसम्बर, 2005/पौष 5, 1927 (शाक्)

संसदको निम्नलिखित ऐनले राष्ट्रपतिबाट 23 दिसम्बर, 2005 को दिन राष्ट्रपतिको अनुमोदन प्राप्त गरेपछि जनसाधारणलाई सूचनाको निम्ति प्रकाशित गरिन्छ।

# आपदा प्रबन्धन अधिनियम, 2005

(2005 का अधिनियम सङ्ख्या 53)

[23 दिसंबर, 2005]

आपदाहरूको प्रभावी प्रबन्धन तथा त्यससित सम्बन्धित वा त्यसका आनुषाङ्गिक विषयलाई प्रावधान गर्का लागि अधिनियम

भारत गणराज्यको छप्पनौं वर्षमा संसदद्वारा निम्नलिखित रूपमा यो अधिनियमित होस् :-

## अध्याय 1

## प्रारम्भिक

### 1. संक्षिप्त नाम, विस्तार र प्रारम्भ

(1) इस अधिनियमको संक्षिप्त नाम आपदा प्रबन्धन अधिनियम, 2005 हुनेछ ।

(2) इसको विस्तार सम्पूर्ण भारतमा हुनेछ।

(3) यो त्यस मितिदेखि प्रभावी हुनेछ, जुन केन्द्र सरकारले राजपत्रमा अधिसूचनाद्वारा नियत गरेको छ, र यस अधिनियमको विभिन्न प्रावधानका लागि साथै अलग-अलग राज्यका लागि अलग-अलग मिति नियत गर्नसकिनेछ र कुनै राज्यको सम्बन्धमा यस अधिनियमको कुनै प्रावधानको प्रारम्भप्रति कुनै निर्देशको अर्थ त्यस राज्यमा त्यस प्रावधानको प्रारम्भप्रति निर्देश रहेको अर्थ लगाइनेछ।

2. परिभाषा : इस अधिनियममा, जबसम्म सन्दर्भमा अन्यथा अपेक्षित नभएसम्म :

(क) “प्रभावित क्षेत्र”ले देशको त्यस्तो क्षेत्र वा भागलाई बुझाउनेछ, जुन कुनै आपदाबाट प्रभावित भएको छ;

(ख)“क्षमता निर्माण” अन्तर्गत निम्नलिखित रहनेछन् :

(i) विद्यमान संसाधन तथा आर्जित वा सिर्जित गरिने संसाधनको पहिचान,

(ii) उपखण्ड (i) अन्तर्गत पहिचान गरिएका संसाधन आर्जित वा सिर्जित गर्नु,

(iii) आपदाहरूको प्रभावी प्रबन्धनका लागि कार्मिकहरूको गठन तथा प्रशिक्षण लगायत यस्ता प्रशिक्षणको समन्वयन।

(ग) "केन्द्रिय सरकार"को अर्थ भारत सरकारको यस्ता मन्त्रालय वा विभाग बुझिनेछ, जसको आपदा प्रबन्धनमाथि प्रशासनिक नियन्त्रण छ।

(घ) "आपदा"को अर्थ कुनै क्षेत्रमा प्राकृतिक वा मानवकृत कारणले वा दुर्घटना वा उपेक्षाको कारण उत्पन्न त्यस्ता कुनै महाविपत्ति, अनिष्ट, विपत्ति वा घोर घटना बुझिनेछ, जसको परिणाम जीवनको सारवान् हानि वा मानवीय पीडा, वा सम्पत्तिको नोक्सानी वा विनाश वा पर्यावरणको नोक्सानी वा अवक्रमण साथै यस्ता प्रकृति वा परिमाण बुझिनेछ, जुन प्रभावित क्षेत्रका समुदायले सामना गर्ने क्षमतादेखि टाढाको विषय हुन्छ।

(ङ) "आपदा प्रबन्धन"को अर्थ, योजना, सङ्गठन, समन्वयन र कार्यान्वयनको निरन्तरता र एकिकृत प्रक्रिया बुझिनेछ, जुन निम्नलिखितका लागि आवश्यक वा समयोचित छन् :

(i) कुनै आपदाको खतरा वा त्यसको आशङ्काको निवारण;

(ii) कुनै आपदा वा त्यसको गम्भीरता वा त्यसका परिणामको जोखिमको शमन वा कमी;

(iii) क्षमता निर्माण;

(iv) कुनै आपदालाई सम्बोधित गर्नका लागि तयारी;

(v) कुनै आपदाको शङ्काको स्थिति वा आपदाबाटबाट तुरुन्तै बचाउ;

(vi) कुनै आपदाको प्रभावको गम्भीरता वा परिमाणको निर्धारण;

(vii) निष्क्रमण, बचाउ र राहत;

(viii) पुनर्वास र पुनर्निर्माण;

(च) “जिल्ला प्राधिकरण”को अर्थ धारा 25 को उपधारा (1) अन्तर्गत गठित जिल्ला आपदा प्रबन्धन प्राधिकरण बुझिनेछ;

(छ) “जिल्ला योजना”को अर्थ धारा 31 अन्तर्गत जिल्लाका लागि तयार गरिएको आपदा प्रबन्धन योजना बुझिनेछ;

(ज) “स्थानीय प्राधिकारी” अन्तर्गत पञ्चायतीराज संस्थान, नगरपालिका, जिल्ला बोर्ड, छाउनी, नगर योजना प्राधिकारी वा जिल्ला परिषद् वा कुनै पनि नामले जानिने कुनै अन्य निकाय वा प्राधिकारी बुझिनेछ, जसमा तत्समय विधिद्वारा विनिर्दिष्ट स्थानीय क्षेत्रभित्र आवश्यक सेवाहरू प्रदान गर्ने नागरिक सेवाहरूको नियन्त्रण र प्रबन्धनसहित अधिकार निहित गरिएका छन्;

(झ) “शमन”को अर्थ, कुनै आपदा वा आपदाको आशङ्काको स्थितिको जोखिम, समाघात वा प्रभाव कम्ति गर्न अपेक्षित उपाय बुझिनेछ;

(ञ) “राष्ट्रिय प्राधिकरण”को अर्थ, धारा 3 को उपधारा (1) अन्तर्गत स्थापित राष्ट्रिय आपदा प्रबन्धन प्राधिकरण बुझिनेछ;

(ट) “राष्ट्रिय कार्यकारिणी समिति”को अर्थ धारा 8 को उपधारा (1) अन्तर्गत गठित राष्ट्रिय प्राधिकरणको कार्यकारिणी समिति बुझिनेछ;

(ठ) “राष्ट्रिय योजना”को अर्थ धारा 11 अन्तर्गत सम्पूर्ण देशका लागि तयार गरिएको आपदा प्रबन्धन योजना बुझिनेछ;

(ड) “तयारी”को अर्थ कुनै आपदाको आशङ्काको स्थिति वा आपदा र त्यसलाई प्रभावी तरिकाले सम्बोधित गर्नका लागि तयार रहने स्थिति बुझिनेछ;

(ढ) “निर्दिष्ट”को अर्थ यस अधिनियमको अधीनमा बनाइएका नियमहरूद्वारा निर्दिष्ट बुझिनेछ;

(ण) “पुनर्निर्माण”को अर्थ आपदापछि कुनै सम्पत्तिको पुनर्निर्माण वा प्रत्यावर्तन बुझिनेछ;

(त) “संसाधन” अन्तर्गत जनशक्ति सेवाहरू, सामग्री तथा रसद सामेल रहनेछ;

(थ) “राज्य प्राधिकरण”को अर्थ धारा 14 को उपधारा (1) अन्तर्गत स्थापित राज्य आपदा प्रबन्धन प्राधिकरण बुझिनेछ र यस अन्तर्गत यस धाराका अधीनमा गठित केन्द्र शासित प्रदेश क्षेत्रको आपदा प्रबन्धन प्राधिकरण पनि सामेल रहनेछ;

(द) “राज्य कार्यकारिणी समिति”को अर्थ धारा 20 को उपधारा (1) अन्तर्गत राज्य प्राधिकरणको कार्यकारिणी समिति बुझिनेछ;

(ध) “राज्य सरकार”को अर्थ राज्य सरकारको त्यो विभाग विभाग बुझिनेछ, जसको आपदा प्रबन्धनमाथि प्रशासनिक नियन्त्रण छ र त्यसका अन्तर्गत राष्ट्रपतिद्वारा संविधानको अनुच्छेद 239 का अधीनमा नियुक्त गरिएका कुनै केन्द्र शासित प्रदेशका प्रशासक पनि सामेल रहनेछ;

(न) “राज्य योजना”को अर्थ धारा 23 अन्तर्गत सम्पूर्ण राज्यका लागि तयार गरिएको आपदा प्रबन्धन योजना बुझिनेछ।

## अध्याय 2

### राष्ट्रिय आपदा प्रबन्धन प्राधिकरण

3. राष्ट्रिय आपदा प्रबन्धन प्राधिकरणको स्थापना

(1) केन्द्रिय सरकारद्वारा यसका निम्ति नियत गरेको त्यस्तो मितिदेखि, यस अधिनियमको प्रयोजनका लागि राष्ट्रिय आपदा प्रबन्धन प्राधिकरणको नामले एउटा प्राधिकरणको स्थापना गरिनेछ।

(2) राष्ट्रिय प्राधिकरणमा एकजना अध्यक्ष र केन्द्रिय सरकारद्वारा निर्दिष्ट गरिएअनुरूप अधिकतम नौजना सदस्य हुनेछन्, र नियमहरूद्वारा अन्यथा उपबन्धित नगरिएसम्म, राष्ट्रिय प्राधिकरणमा निम्नलिखित सामेल रहनेछन् :

(क)भारतका प्रधानमन्त्री, जो राष्ट्रिय प्राधिकरणका पदेन अध्यक्ष हुनेछन्;

(ख)अधिकतम नौजना यस्ता अन्य सदस्य, जो राष्ट्रिय प्राधिकरणका अध्यक्षद्वारा नामनिर्देशित गरिनेछन्।

(3) राष्ट्रिय प्राधिकरणका अध्यक्षले उपधारा (2) को खण्ड (ख) अन्तर्गत नामनिर्दिष्ट सदस्यहरूमध्येएकजना सदस्यलाई राष्ट्रिय प्राधिकरणका उपाध्यक्षका रूपमा पदनियुक्त गर्नसक्नेछन्;

(4) राष्ट्रिय प्राधिकरणका सदस्यहरूको पदावधि र सेवा शर्त निर्दिष्ट गरिएअनुरूप हुनेछ।

4. राष्ट्रिय प्राधिकरणको अधिवेशन :

(1) राष्ट्रिय प्राधिकरणको अधिवेशन आवश्यक परेको खण्डमा, राष्ट्रिय प्राधिकरणका अध्यक्षले उचित ठाने अनुरूप त्यस्तो समय र स्थानमा हुनेछ।

(2) राष्ट्रिय प्राधिकरणका अध्यक्षले राष्ट्रिय प्राधिकरणको अधिवेशनहरूको अध्यक्षता गर्नेछन्।

(3) यदि राष्ट्रिय प्राधिकरणका अध्यक्ष कुनै कारणले राष्ट्रिय प्राधिकरणको कुनै अधिवेशनमा उपस्थित हुन असमर्थ बने, राष्ट्रिय प्राधिकरणका उपाध्यक्षले त्यस अधिवेशनको अध्यक्षता गर्नेछन्।

5. राष्ट्रिय प्राधिकरणका अधिकारी तथा अन्य कर्मचारीको नियुक्ति : केन्द्रिय सरकारले राष्ट्रिय प्राधिकरणका लागि त्यति नै सङ्ख्यामा अधिकारी, परामर्शदाता र कर्मचारी उपलब्ध गराउनेछ, जति राष्ट्रिय प्राधिकरणको कार्य निष्पादन गर्न आवश्यक ठहरिन्छ।

6. राष्ट्रिय प्राधिकरणको शक्ति तथा कार्यभार

(1) राष्ट्रिय प्राधिकरणले यस अधिनियमका प्रावधानका अधीन रहँदै, आपदाको समयमा र प्रभावी मोचन सुनिश्चित गर्नका लागि आपादा प्रबन्धनका नीति, योजना तथा मार्गदर्शक सिद्धान्त अधिकथित गर्न उत्तरदायी रहनेछ।

(2) उपधारा (1) मा अन्तरनिहित प्रावधानहरूको व्यापकतामा प्रतिकूल प्रभाव नपारी, राष्ट्रिय प्राधिकरणले :

(क) आपदा प्रबन्धनको सम्बन्धमा नीतिहरू अधिकथित गर्नसक्नेछ;

(ख) राष्ट्रिय योजना अनुमोदन गर्नसक्नेछ;

(ग) भारत सरकारका मन्त्रालय वा विभागहरूद्वारा राष्ट्रिय योजना अनुसार तयार गरिएका योजनाहरू अनुमोदन गर्नसक्नेछ;

(घ) राज्य योजना तयार गर्दा, राज्य प्राधिकरणहरूद्वारा अनुसरण गरिने मार्गदर्शक सिद्धान्त अधिकथित गर्नसक्नेछ;

(ङ) भारत सरकारको विभिन्न मन्त्रालय वा विभागद्वारा आफ्नो विकास योजना र परियोजनामा आपदा निवारण वा त्यसको प्रभावहरू शमन गर्ने उपाय एकिकरण गर्ने प्रयोजनका लागि अप्नाइने मार्गदर्शक सिद्धान्त अधिकथित गर्नसक्नेछ;

(च) आपदा प्रबन्धनको निम्ति नीति र योजना प्रवर्तन र कार्यान्वयनलाई समन्वित गर्नसक्नेछ;

(छ) शमनको प्रयोजनका लागि निधिहरूको व्यवस्था गर्न सिफारिश गर्नसक्नेछ;

(ज) विशाल आपदाबाट प्रभावित अन्य देशहरूलाई केन्द्रिय सरकारद्वारा अवधारित गरिएअनुरूप त्यस्ता सहायता उपलब्ध गराउन सक्नेछ;

(झ) आपदा निवारण वा शमन वा आपदाको आशङ्काको स्थिति वा आपदालाई सम्बोधित गर्न तयारी र क्षमता निर्माणका लागि आवश्यक ठहरिएअनुरूप त्यस्ता अन्य उपायहरू गर्नसक्नेछ;

(ञ) राष्ट्रिय आपदा प्रबन्धन संस्थानको कार्यकरणका लागि विस्तृत नीति अनि मार्गदर्शक सिद्धान्त अधिकथित गर्नसक्नेछ

(3) राष्ट्रिय प्राधिकरणका अध्यक्षलाई, आपातको स्थितिमा, राष्ट्रिय प्राधिकरणको सबै वा केही शक्ति प्रयोग गर्ने अधिकार रहनेछ, तथापि, यस्ता शक्तिहरूको प्रयोग राष्ट्रिय प्राधिकरणद्वारा कार्यपछि अनुसमर्थनको अध्यधीनमा रहनेछ।

7. राष्ट्रिय प्राधिकरणद्वारा सल्लाहकार समितिको गठन :

(1) राष्ट्रिय प्राधिकरणले आपदा प्रबन्धनको विभिन्न पक्षमाथि सिफारिश गर्नका लागि एउटा सल्लाहकार समिति गठन गर्नसक्नेछ, जसमा आपदा प्रबन्धनको क्षेत्रमा विशेषज्ञ र राष्ट्रिय, राज्य वा जिल्ला स्तरमा आपदा प्रबन्धनमा व्यावहारिक अनुभव राख्ने विशेषज्ञ हुनुपर्नेछ।

(2) सल्लाहकार समितिका सदस्यहरूलाई केन्द्रिय सरकारद्वारा राष्ट्रिय प्राधिकरणको परामर्श अनुसार निर्दिष्ट गरिएअनुरूप त्यस्ता भत्ताहरू प्रदान गरिनेछ।

8. राष्ट्रिय कार्यकारिणी समितिको गठन

(1) केन्द्रिय सरकारले धारा 3 की उपधारा (1) को अधीनमा अधिसूचना जारी गरेपछि, राष्ट्रिय प्राधिकरणको यस अधिनियम अन्तर्गत त्यसका कार्य निर्वहनमा सहायता गर्नका लागि एउटा राष्ट्रिय कार्यकारिणी समिति गठन गर्नुपर्नेछ।

(2) राष्ट्रिय कार्यकारिणी समितिमा निम्नलिखित सदस्यहरू रहनेछन्, अर्थात् :

(क) भारत सरकारका यस्ता सचिव, जो भारत सरकारको यस्ता मन्त्रालय वा विभागका भारसाधक हुन्, जोसँग आपदा प्रबन्धनमाथि प्रशासनिक नियन्त्रण छ र जो पदेन अध्यक्ष हुनेछन्।

(ख) भारत सरकारका यस्ता सचिव, जो भारत सरकारको यस्ता मन्त्रालय वा विभागका भारसाधक हुन्, जोसँग कृषि, परमाणु ऊर्जा, रक्षा, पिउने पानी, पर्यावरण एवं वन, वित्त (व्यय), स्वास्थ्य, विद्युत, ग्रामीण विकास, विज्ञान एवं प्रविधि, अन्तरिक्ष, दूरसञ्चार, शहरी विकास, जल संसाधनमाथि प्रशासनिक नियन्त्रण छ र चिफ अव् स्टाफ कमिटीका समन्वित सुरक्षा कर्मचारीवृन्दका प्रमुख हुन्, पदेन सदस्य।

(3) राष्ट्रिय कार्यकारिणी समितिका अध्यक्षले राष्ट्रिय कार्यकारिणी समितिको कुनै अधिवेशनमा भाग लिनका लागि केन्द्रिय सरकार वा राज्य सरकारको कुनै अन्य अधिकारीलाई आमन्त्रित गर्नसक्नेछन् र यस्ता शक्तिहरूको प्रयोग तथा यस्ता कार्यभारहरूको निर्वहन गर्नसक्नेछन्, जुन केन्द्रिय सरकारद्वारा राष्ट्रिय प्राधिकरणको परामर्शद्वारा निर्दिष्ट गरिनेछ।

(4) राष्ट्रिय कार्यकारिणी समितिद्वारा आफ्नो शक्तिको प्रयोग र कर्तव्य निर्वहनमा अपनाइने प्रक्रिया यस्तो हुनेछ, जुन केन्द्रिय सरकारद्वारा निर्दिष्ट गरिनेछ।

9. उपसमितिहरूको गठन :

(1) राष्ट्रिय कार्यकारिणी समितिले आफ्नो कार्यभारहरूको प्रभावी निर्वहनका लागि आवश्यक ठाने अनुरूप, एउटा वा एकभन्दा धेरै उपसमिति गठन गर्नसक्नेछ।

(2) राष्ट्रिय कार्यकारिणी समितिले आफ्नो सदस्यहरूमध्ये कुने एकजनालाई उपधारा (1) मा निर्दिष्ट उपसमितिका अध्यक्ष नियुक्त गर्नसक्नेछ।

(3) कुनै उपसमितिसँग विशेषज्ञका रूपमा सहयोजित कुनै व्यक्तिलाई केन्द्रिय सरकारद्वारा तय गरिएअनुरूप त्यस्ता भत्ता प्रदान गर्नसकिनेछ।

10. राष्ट्रिय कार्यकारिणीको शक्ति तथा कार्यभार :

(1) राष्ट्रिय कार्यकारिणी समितिले राष्ट्रिय प्राधिकरणलाई उसको कार्यभारहरूको निर्वहनमा सहायता गर्नेछ साथै राष्ट्रिय प्राधिकरणको नीति तथा कार्यान्वयनका लागि उत्तरदायी रहनेछ भने देशमा आपदा प्रबन्धनको प्रयोजनका लागि केन्द्रिय सरकारद्वारा जारी अनुदेशहरूको पालन सुनिश्चित गर्नुपर्नेछ।

(2) उपधारा (1) मा अन्तरनिहित प्रावधानहरूको व्यापकतामाथि कुनै प्रतिकूल प्रभाव नपारी, राष्ट्रिय कार्यकारिणी समितिले :

(क) आपदा प्रबन्धनका लागि समन्वयन एवं निगरानी निकायको रूपमा काम गर्नसक्नेछ;

(ख) राष्ट्रिय योजना तयार गर्नसक्नेछ, जुन राष्ट्रिय प्राधिकरणद्वारा अनुमोदन गरिनेछ;

(ग) राष्ट्रिय नीति कार्यान्वयनको समन्वयन तथा त्यसको निगरानी गर्नसक्नेछ;

(घ) भारत सरकारको विभिन्न मन्त्रालय वा विभाग तथा राज्य प्राधिकरणहरूद्वारा आपदा प्रबन्धन योजना तयार गर्नका लागि मार्गदर्शक सिद्धान्त अधिकथित गर्नसक्नेछ;

(ङ) राष्ट्रिय प्राधिकरणद्वारा अधिकथित मार्गदर्शक सिद्धान्तहरू अनुसार आफ्नो आपदा प्रबन्धन योजना तयार गर्नका लागि राज्य सरकार तथा राज्य प्राधिकरणहरूलाई आवश्यक तकनिकी सहयोग उपलब्ध गराउन सक्नेछ;

(च) राष्ट्रिय योजना तथा भारत सरकारको मन्त्रालय वा विभागहरूद्वारा तयार गरिएका योजनाहरूको कार्यान्वयनमाथि निगरानी गर्नसक्नेछ;

(छ) मन्त्रालय वा विभागहरूका विकास योजना तथा परियोजनाहरूमा आपदा निवारण र त्यसको शमनका लागि उपायहरूको एकिकरणका लागि राष्ट्रिय प्राधिकरणद्वारा अधिकथित मार्गदर्शक सिद्धान्तहरूको कार्यान्वयनको निगरानी गर्नसक्नेछ;

(ज) सरकारको विभिन्न मन्त्रालय वा विभाग तथा अभिकरणहरूद्वारा गरिने शमन र तयारी, उपायका सम्बन्धमा निगरानी एवं समन्वयन गर्नका साथै निर्देश दिनसक्नेछ;

(झ) कुनै आपदाको आशङ्काको स्थिति वा आपदा मोचनको प्रयोजनका लागि सबै सरकारी स्तरमा तयारीको मूल्याङ्कन गर्नसक्नेछ र आवश्यक परे, त्यस्ता तयारीमा वृद्धि गर्न निर्देश दिनसक्नेछ;

(ञ) विभिन्न स्तरका अधिकारी, कर्मचारी तथा स्वैच्छिक बचाउ कर्मचारीका लागि आपदा प्रबन्धनको सम्बन्धमा विशेषिकृत प्रशिक्षण कार्यक्रमको योजना बनाउनका साथै त्यसको समन्वयन गर्नसक्नेछ;

(ट) कुनै आपदाको आशङ्काको स्थितिमा वा आपदा आइपरे, त्यसको मोचनका लागि समन्वयन गर्नसक्नेछ;

(ठ) भारत सरकारको सम्बद्ध मन्त्रालय या विभागहरू, राज्य सरकार तथा राज्य प्राधिकरणहरूद्वारा कुनै आपदाको आशङ्को स्थिति आएमा अथवा आपदा मोचनका लागि गरिने उपायहरूको सम्बन्धमा मार्गदर्शक सिद्धान्त राख्न सकिने अथवा निर्देशन दिन सक्नेछ;

(ड) सरकारको कुनै विभाग वा अभिकरणबाट राष्ट्रिय प्राधिकरण वा राज्य प्राधिकरणका त्यस्ता व्यक्ति वा तात्त्विक संसाधन जुन आपातकालीन मोचन, बचाउ र राहतको प्रयोजनका लागि तिनीसँग उपलब्ध छ, ती उपलब्ध गराउन अपेक्षा गर्नसक्नेछ;

(ढ) भारत सरकारका मन्त्रालय वा विभागहरूले राज्य प्राधिकरण, कानूनी निकाय वा गैर सरकारी सङ्गठन र आपदा प्रबन्धनमा जुटेका अन्य व्यक्तिहरूलाई सल्लाह दिन, सहायता प्रदान गर्न र उनीहरूका क्रियाकलापलाई समन्वयन गर्नसक्नेछ;

(ण) राज्य प्राधिकरण तथा जिल्ला प्राधिकरणहरूलाई यस अधिनियमको अधीनमा उनीहरूलाई कार्यनिष्पादनका लागि आवश्यक तकनिकी सहायता उपलब्ध गराउन वा सल्लाह दिनसक्नेछ;

(त) आपदा प्रबन्धनको सम्बन्धमा साधारण शिक्षा र जागरूकता संवर्धन गर्नसक्नेछ; र

(थ) यस्ता अन्य कार्य गर्नसक्नेछ, जुन राष्ट्रिय प्राधिकरणले त्यसो गर्न अपेक्षा राख्दछ।

11. राष्ट्रिय योजना :

(1) सम्पूर्ण देशका लागि आपदा प्रबन्धनको निम्ति राष्ट्रिय योजना नामक एउटा योजना तयार गर्नुपर्नेछ।

(2) राष्ट्रिय कार्यकारिणी समितिद्वारा राष्ट्रिय नीतिलाई ध्यानमा राख्दै र राज्य सरकार तथा आपदा प्रबन्धनका क्षेत्रमा विशेषज्ञ निकाय वा सङ्गठनसँग परामर्श गरी राष्ट्रिय योजना तयार गर्नुपर्नेछ, जसलाई राष्ट्रिय प्राधिकरणले अनुमोदन गर्नेछ।

(3) राष्ट्रिय योजनामा निम्नलिखित सामेल रहनेछन् :

(क) आपदाहरूको निवारण अनि त्यसको प्रभाव न्यूनीकरण गर्ने उपाय;

(ख) विकास योजनाहरूमा शमन सम्बन्धी उपायहरूको एकिकरणका लागि गरिने उपाय;

(ग) कुनै आपदाको आशङ्काको स्थिति वा आपदालाई प्रभावी रूपमा मोचन गर्नका लागि तयारी र क्षमता निर्माणको निम्ति गरिने उपाय;

(घ) खण्ड (क), खण्ड (ख) र खण्ड (ग) मा निर्दिष्ट उपायहरूका लागि भारत सरकारको विभिन्न मन्त्रालय वा विभागहरूको भूमिका र उत्तरदायित्त्व।

(4) राष्ट्रिय योजनालाई वार्षिक रूपमा पुनर्वालोकन गरिनेछ र त्यसमा अद्यतन गरिनेछ।

(5) केन्द्रिय सरकारद्वारा राष्ट्रिय योजनाको अधीनमा गरिने उपायहरूको वित्तपोषणका लागि समुचित प्रबन्ध गरिनेछ।

(6) उपधारा (2) र उपधारा (4) मा निर्दिष्ट राष्ट्रिय योजनाको प्रतिहरू भारत सरकारको मन्त्रालय वा विभागहरूलाई उपलब्ध गराइनेछ र यस्ता मन्त्रालय वा विभागले राष्ट्रिय योजना अनुसार आफ्नो स्वयंको योजना तयार गर्नुपर्नेछ।

12. राहतको न्यूनतम मानकका लागि मार्गदर्शक सिद्धान्त : राष्ट्रिय प्राधिकरणले आपदाबाट प्रभावित व्यक्तिहरूलाई उपलब्ध गराउने राहतको

न्यूनतम मानकका लागि मार्गदर्शक सिद्धान्त सिफारिश गर्नुपर्नेछ, जस अन्तर्गत निम्नलिखित सामेल रहनेछन् :

(i) राहत शिविरहरूमा आश्रय स्थल, खाद्य, पिउने पानी, चिकित्सा सुविधा र स्वच्छताको सम्बन्धमा उपलब्ध गराइने न्यूनतम अपेक्षाहरू;

(ii) विधवा तथा अनाथहरूका लागि गरिने विशेष व्यवस्था;

(iii) जीवनको हानिलाई ध्यानमा राख्दै अनुग्रह सहायता र घरहरूको नोक्सानीका लागि सहायता लगायत सहायता अनि जीविकाका साधनहरूको बहाली गर्न सहायता;

(iv) यस्ता अन्य सहायता जुन आवश्यक ठहरिन्छ।

13. ऋण प्रतिदाय आदिमा राहत : राष्ट्रिय प्राधिकरणले प्रचण्ड आपदाको स्थितिमा प्रभावित व्यक्तिहरूलाई ऋणको प्रतिदायमा राहत वा उचित ठहरिएअनुरूप राहत प्रदान गर्ने शर्तमा नयाँ ऋण प्रदान गर्न सिफारिश गर्नसक्नेछ।

# अध्याय 3

## राज्य आपदा प्रबन्धन प्राधिकरण

### 14. राज्य आपदा प्रबन्धन प्राधिकरणको स्थापना

(1) प्रत्येक राज्य सरकारले, धारा 3 को उपधारा (1) अन्तर्गत अधिसूचना जारी गरेपछि, यथाशीघ्र, राजपत्रमा अधिसूचनाद्वारा राज्यका लागि निर्दिष्ट गरिएको नाम अनुरूप राज्य आपदा प्रबन्धन प्राधिकरण स्थापना गर्नुपर्नेछ।

(2) राज्य प्राधिकरणमा एकजना अध्यक्ष र राज्य सरकारद्वारा नियत गरिएअनुरूप अधिकतम नौजना सदस्य हुनेछ भने नियमहरूमा अन्यथा प्रावधान नगरिएसम्म, राज्य प्राधिकरणमा निम्नलिखित सदस्य रहनेछन्, अर्थात् :

(क) राज्यका मुख्यमन्त्री पदेन अध्यक्ष हुनेछन्;

(ख) राज्य प्राधिकरणका अध्यक्षद्वारा नामनिर्दिष्ट गरिएअनुरूप अधिकतम आठजना त्यस्ता सदस्य हुनेछन्;

(ग) राज्य कार्यकारिणी समितिका अध्यक्ष, पदेन।

(3) राज्य प्राधिकरणका अध्यक्षले उपधारा (2) को खण्ड (ख) अन्तर्गत नामनिर्दिष्ट सदस्यहरूमध्ये एकजना सदस्यलाई राज्य प्राधिकरणको उपाध्यक्षका रूपमा पदभार प्रदान गर्नसक्नेछन्।

(4) राज्य कार्यकारिणी समितिका अध्यक्ष राज्य प्राधिकरणका पदेन मुख्य कार्यकारी अधिकारी हुनेछन्;

तथापि, यस्ता केन्द्र शासित राज्यक्षेत्र भए, दिल्ली केन्द्र शासित प्रदेशबाहेक, विधानसभा हुने त्यस्ता प्रदेशका मुख्यमन्त्री यस धारा अन्तर्गत स्थापित प्राधिकरणका अध्यक्ष हुनेछन् र अन्य केन्द्र शासित प्रदेश भए, उपराज्यपाल वा प्रशासक त्यस प्राधिकरणका अध्यक्ष हुनेछन्;

अद्यापि, दिल्ली केन्द्र शासित प्रदेशका उपराज्यपाल प्राधिकरणका अध्यक्ष र त्यसका मुख्यमन्त्री राज्य प्राधिकरणका उपाध्यक्ष हुनेछन्।

(5) राज्य प्राधिकरणका सदस्यहरूको पदावधि र सेवा शर्त निर्दिष्ट गरिएअनुरूप नै रहनेछ।

15. राज्य प्राधिकरणको अधिवेशन :

(1) राज्य प्राधिकरणको अधिवेशन आवश्यक ठहरिएको स्थितिमा, राज्य प्राधिकरणका अध्यक्षले उचित ठानेअनुरूप त्यस्ता समय र स्थानमा हुनेछ।

(2) राज्य प्राधिकरणका अध्यक्षले राज्य प्राधिकरणको अधिवेशनहरूको अध्यक्षता गर्नेछन्।

(3) यदि राज्य प्राधिकरणका अध्यक्ष कुनै कारणले राज्य प्राधिकरणको कुनै अधिवेशनमा उपस्थित हुन असमर्थ बने, राज्य प्राधिकरणका उपाध्यक्षले अधिवेशनको अध्यक्षता गर्नुपर्नेछ।

16. राज्य प्राधिकरणका अधिकारी तथा अन्य कर्मचारीको नियुक्ति :

जति राज्य प्राधिकरणको कार्यनिष्पादनका लागि आवश्यक ठहरिए अनुरूप राज्य सरकारले राज्य प्राधिकरणमा त्यति नै अधिकारी, परामर्शदाता र कर्मचारी उपलब्ध गराउनुपर्नेछ।

17. राज्य प्राधिकरणद्वारा सल्लाहकार समितिको गठन :

(1) राज्य प्राधिकरणले आवश्यक देखिए अनुरूप, आपदा प्रबन्धनको विभिन्न पक्षमाथि सिफारिश गर्नका लागि सल्लाहकार समिति गठन गर्नसक्नेछ जसमा आपदा प्रबन्धनको क्षेत्रमा विशेषज्ञ तथा आपदा प्रबन्धनको व्यावहारिक अनुभव राख्ने विशेषज्ञ हुनुपर्नेछ।

(2) सल्लाहकार समितिका सदस्यहरूलाई राज्य सरकारद्वारा तय गरिएअनुरूप त्यस्ता भत्ता प्रदान गरिनेछ।

18. राज्य प्राधिकरणको शक्ति अनि कार्यभार :

(1) राज्य प्राधिकरण, यस अधिनियमका प्रावधानहरूका अधीनमा रहँदै, राज्य आपदा प्रबन्धनका लागि नीति तथा योजनाहरू अधिकथित गर्नका लागि उत्तरदायी हुनेछ।

(2) उपधारा (1) मा अन्तरनिहित प्रावधानहरूको व्यापकतामाथि कुनै प्रतूकल प्रभाव नपारी, राज्य प्राधिकरणले :

(क) राज्य आपदा प्रबन्धन नीति अधिकथित गर्नसक्नेछ;

(ख) राष्ट्रिय प्राधिकरणद्वारा अधिकथित मार्गदर्शक सिद्धान्तहरू अनुसार राज्य योजनालाई अनुमोदन गर्नसक्नेछ;

(ग) राज्य सरकारका विभागहरूद्वारा तयार गरिएका आपदा प्रबन्धन योजनाहरूलाई अनुमोदन गर्नसक्नेछ;

(घ) राज्य सरकारका विभागहरूद्वारा आफ्नो विकास योजना अनि परियोजनामा आपदा निवारण एवं शमनका उपायहरू एकिकरण गर्ने प्रयोजनका लागि अप्नाइने मार्गदर्शक सिद्धान्त अधिकथित गर्नलगायत त्यसका लागि आवश्यक तकनिकी सहायता प्रदान गर्नसक्नेछ;

(ङ) राज्य योजनाको कार्यान्वयनलाई समन्वित गर्नसक्नेछ;

(च) शमन र तयारीको उपायका लागि निधिहरूको व्यवस्था गर्न सिफारिश गर्नसक्नेछ;

(छ) राज्यका विभिन्न विभागको विकास योजनाको पुनरावलोकन गर्नका साथै निवारण एवं शमनका उपायहरू त्यसमा एकिकृत गरिएको सुनिश्चित गर्नसक्नेछ;

(ज) राज्य सरकारका विभागहरूद्वारा शमन, क्षमता निर्माण र तयारीका लागि अप्नाइएका उपायहरूको पुनरावलोकन गर्न लगायत आवश्यक ठहरिएका मार्गदर्शक सिद्धान्त जारी गर्नसक्नेछ।

(3) राज्य प्राधिकरणका अध्यक्षसँग, आपातको स्थितिमा, राज्य प्राधिकरणको सबै वा केही शक्ति प्रयोग गर्ने अधिकार रहनेछ, तर त्यस्ता शक्तिको प्रयोग राज्य प्राधिकरणको कार्योत्तर अनुसमर्थनको अधीनमा रहनेछ।

19. राज्य प्राधिकरणद्वारा राहतको न्यूनतम मानकका लागि मार्गदर्शक सिद्धान्त :

राज्य प्राधिकरणले राज्यमा आपदाद्वारा प्रभावित व्यक्तिहरूको राहतका मानकहरू निर्धारित गर्नका लागि विस्तृत मार्गदर्शक सिद्धान्त अधिकथित गर्नुपर्नेछ;

तथापि, यस्ता मानक कुनै पनि स्थितिमा राष्ट्रिय प्राधिकरणद्वारा यस सम्बन्धमा अधिकथित मार्गदर्शक सिद्धान्तको न्यूनतम मानकभन्दा कम्ति हुनु भएन।

20. राज्य कार्यकारिणी समितिको गठन :

(1) राज्य सरकारले धारा 14 को उपधारा (1) अन्तर्गत अधिसूचना जारी गरेपछि, राज्य प्राधिकरणको यस अधिनियमको अधीनमा राज्य प्राधिकरणद्वारा अधिकथित मार्गदर्शक सिद्धान्त अनुसार प्राधिकरणको

कार्यभार निर्वहनमा सहायता गर्न र कार्यको समन्वयन गर्न राज्य सरकारद्वारा जारी गरिएको निर्देश अनुपालन सुनिश्चित गर्नका लागि एउटा राज्य कार्यकारिणी समिति गठन गर्नुपर्नेछ।

(2) राज्य कार्यकारिणी समितिमा निम्नलिखित सदस्य हुनेछन्, अर्थात् :

(क) राज्य सरकारका मुख्य सचिव, जो पदेन अध्यक्ष हुनेछन्;

(ख) राज्य सरकारले उचित ठाने अनुरूप त्यस्ता विभागका चारजना सचिव, पदेन।

(3) राज्य कार्यकारिणी समितिका अध्यक्षले राज्य सरकारद्वारा निर्दिष्ट त्यस्ता शक्तिहरूको प्रयोग अनि त्यस्ता कार्यहरू निर्वहन गर्नका अतिरिक्त राज्य प्राधिकरणद्वारा प्रत्यायोजित त्यस्ता कार्यको निर्वहनका साथै त्यस्ता अन्य शक्तिहरू प्रयोग गर्नसक्नेछन्।

(4) राज्य कार्यकारिणी समितिद्वारा आफ्नो शक्तिहरूको प्रयोग र आफ्नो कार्यहरूको निर्वहनमा अनुसरण गरिने प्रक्रिया राज्य सरकारले निर्दिष्ट गरेअनुरूप हुनेछ।

21. राज्य कार्यकारिणी समितिद्वारा उपसमितिहरूको गठन :

(1) राज्य कार्यकारिणी समितिले आफ्नो कार्यहरूको दक्षतापूर्ण निर्वहनका लागि आवश्यक ठानेअनुरूप एक वा एकभन्दा धेरै उपसमिति गठनसक्नेछ।

(2) राज्य कार्यकारिणी समितिले आफ्नो सदस्यहरूमध्ये कसैलाई पनि उपधारा (1) मा निर्दिष्टि उपसमितिको अध्यक्ष नियुक्त गर्नसक्नेछ।

(3) कुनै उपसमितिका साथ विशेषज्ञका रूपमा सहयोजित कुनै व्यक्तिलाई, राज्य सरकारद्वारा तय गरिएअनुरूप त्यस्तो भत्ता प्रदान गर्नसकिनेछ

22. राज्य कार्यकारिणी समितिको कार्यभार :

(1) राज्य कार्यकारिणी समिति राष्ट्रिय योजना र राज्य योजना कार्यान्वयनका लागि उत्तरदायी हुनेछ र राज्यमा आपदा प्रबन्धनका लागि समन्वयन गर्नका साथै निगरानी गर्ने निकायको रूपमा काम गर्नुपर्नेछ।

(2) उपधारा (1) को प्रावधानको व्यापकतालाई प्रतिकूल प्रभाव नपारी, राज्य कार्यकारिणी समितिले :

(क) राष्ट्रिय नीति, राष्ट्रिय योजना र राज्य योजना कार्यान्वयनलाई समन्वयन र निगरानी गर्नसक्नेछ;

(ख) आपदाका विभिन्न रूप अनुसार राज्यको विभिन्न भागको भेद्यताको परीक्षा गर्नका साथमा त्यसको निवारण वा शमनका लागि गरिने उपायहरू विनिर्दिष्ट गर्नसक्नेछ;

(ग) राज्य सरकारका विभाग तथा जिल्ला प्राधिकरणहरूद्वारा आपदा प्रबन्धन योजना तयार गर्नका लागि मार्गदर्शक सिद्धान्त अधिकथित गर्नक्नेछ;

(घ) राज्य सरकारका विभाग तथा जिल्ला प्राधिकरणद्वारा तयार गरिएका आपदा प्रबन्धन योजनाहरूको कार्यान्वयनको निगरानी गर्नसक्नेछ;

(ङ) विभागहरूद्वारा आफ्नो विकास योजना र परियोजनामा आपदा निवारण र शमनका उपायहरू एकीकरणका लागि राज्य प्राधिकरणद्वारा अधिकथित मार्गदर्शक सिद्धान्त कार्यान्वयनको निगरानी गर्नसक्नेछ;

(च) कुनै आपदाको आशङ्काको स्थिति वा आपदा मोचनका लागि सबै सरकारी अनि गैर सरकारी स्तरमा तयारीको मूल्याङ्कन गर्नका साथै आवश्यक देखिए, त्यस्ता तयारीमा वृद्धि गर्न निर्देश दिनसक्नेछ;

(छ) कुनै आपदाको आशङ्काको स्थिति वा आपदाको स्थितिमा मोचनको समन्वयन गर्नसक्नेछ;

(ज) कुनै आपदाको आशङ्काको स्थिति वा आपदा मोचनका लागि गरिने उपायका सम्बन्धमा राज्य सरकारको कुनै विभाग वा राज्यमा कुनै अन्य प्राधिकरण वा निकायलाई निर्देश दिनसक्नेछ;

(झ)आपदाको विभिन्न रूपमा भेद्य रहेका विषयका सम्बन्धमा आपदाको निवारणका साथै त्यसको शमन र मोचनका लागि समुदायद्वारा गर्नसकिने उपायबारे सामान्य शिक्षा, जागरूकताबारे समुदायलाई प्रशिक्षणको संवर्धन गर्नसक्नेछ;

(ञ) राज्य सरकारका विभाग, जिल्ला प्राधिकरण, कानूनी निकाय र आपदा प्रबन्धनमा संलग्न अन्य सरकारी र गैर सरकारी सङ्गठनलाई सल्लाह दिनका साथै उनीहरूका क्रियाकलापमा सहायता अनि समन्वयन गर्नसक्नेछ;

(ट) उनीहरूका कार्यभारलाई प्रभावी रूपमा कार्यान्वित गर्नका लागि जिल्ला प्राधिकरण र स्थानीय प्राधिकरणलाई उनीहरूका कार्यभार प्रभावी रूपमा निर्वहन गर्न आवश्यक तकनिकी सहायता प्रदान गर्न वा सल्लाह दिनसक्नेछ;

(ठ) आपदा प्रबन्धनसित सम्बन्धित सबै वित्तीय विषयका सम्बन्धमा राज्य सरकारलाई सल्लाह दिनसक्नेछ;

(ड) राज्यमा कुनै स्थानीय क्षेत्रमा निर्माणको परीक्षा गर्नसक्नेछ भने यदि आपदा निवारणका लागि त्यस्ता निर्माणका लागि अधिकथित मानक अनुसरण गरिएको वा गरेको छैन भने, यथास्थिति, जिल्ला प्राधिकरण वा स्थानीय प्राधिकरणलाई मानकहरू अनुपालन सुनिश्चित गर्न आवश्यक ठहरिएको कार्वाही गर्न निर्देशित गर्नसक्नेछ;

(ढ) राष्ट्रिय प्राधिकरणले आपदा प्रबन्धनको विभिन्न पक्षसित सम्बन्धित जानकारी उपलब्ध गराउन सक्नेछ;

(ण) राज्य स्तरको मोचन योजना र मार्गदर्शक सिद्धान्तहरू अधिकथित, पुनर्वालोकन र अद्यतन गर्नसक्नेछ साथै जिल्ला स्तरमा योजनाहरू तयार गर्ने, पुनर्वालोकन र अद्यतन गरिएको सुनिश्चित गर्नसक्नेछ;

(त) सूचना तन्त्र ठीक रहेको र आपदा प्रबन्धन अभ्यास सामयिक रूपमा गरिएको सुनिश्चित गर्नसक्नेछ;

(थ) राज्य प्राधिकरणद्वारा आवश्यक ठहरिए अनुरूप निर्देशित अन्य त्यस्ता कार्य गर्नसक्नेछ।

23. राज्य योजना

(1) प्रत्येक राज्यको निम्ति आपदा प्रबन्धनका लागि एउटा योजना हुनेछ, जसलाई राज्य आपदा प्रबन्धन योजना भनिनेछ।

(2) राज्य कार्यकारिणी समितिले, राष्ट्रिय प्राधिकरणद्वारा अधिकथित मार्गदर्शक सिद्धान्तहरूलाई ध्यानमा राख्दै र स्थानीय प्राधिकरण एवं जिल्ला प्राधिकरण लगायत जनताका प्रतिनिधिहरूका साथमा परामर्श गरेपछि, राज्य कार्यकारिणी समितिलाई उचित लागेअनुरूप राज्य योजना तयार गर्नुपर्नेछ।

(3) राज्य कार्यकारिणी समितिद्वारा उपधारा (2) को अधीनमा तयार गरिएको राज्य योजनालाई राज्य प्राधिकरणले अनुमोदन गर्नुपर्नेछ।

(4) राज्य योजना अन्तर्गत निम्नलिखित हुनेछ :

(क) आपदाको विभिन्न रूपद्वारा राज्यको विभिन्न भागको भेद्यता;

(ख) आपदाहरूको निवारण र शमनका लागि अप्नाइने उपाय;

(ग) यस्तो रीति, जसमा शमनको उपाय, विकास योजना र परियोजनाका साथ एकिकृत गरिनुपर्नेछ;

(घ) क्षमता निर्माण र तयारीका लागि गरिने उपाय;

(ङ) माथिको खण्ड (ख), खण्ड (ग) र खण्ड (घ) मा निर्दिष्ट उपायहरूका सम्बन्धमा राज्य सरकारको प्रत्येक विभागको भूमिका र उत्तरदायित्त्व;

(च) कुनै आशङ्कित आपदा स्थिति वा आपदा मोचनमा राज्य सरकारको विभिन्न विभागको भूमिका र दायित्त्व।

(5) राज्य योजनालाई प्रति वर्ष पुनर्विलोकित र अद्यतन गर्नुपर्नेछ।

(6) राज्य योजनाको अधीनमा गरिने उपायहरूको वित्तपोषणका लागि राज्य सरकारले समुचित व्यवस्था गर्नुपर्नेछ।

(7) उपधारा (2) र उपधारा (5) मा निर्दिष्ट राज्य योजनाको प्रतिलिपि राज्य सरकारको विभागहरूलाई उपलब्ध गराउनुपर्नेछ र त्यस्ता विभागहरूले राज्य योजना अनुसार आफ्नो योजना तयार गर्नुपर्नेछ।

24. आपदाको शङ्काको स्थितिमा राज्य कार्यकारिणी समितिको शक्ति अनि कार्यभार : आपदाद्वारा प्रभावित समुदायलाई सहायता र सुरक्षा प्रदान गर्ने प्रयोजनका लागि वा यस्ता समुदायलाई राहत प्रदान गर्नका लागि वा कुनै आपदाको आशङ्काको स्थिति निवारण गर्न वा त्यसको विनाश विरुद्ध उपाय गर्न वा त्यसको प्रभावलाई सम्बोधित गर्ने प्रयोजनका लागि राज्य कार्यकारिणी समितिले :

(क) संवेदनशील वा प्रभावित क्षेत्र वा त्यहाँबाट वा त्यसभित्र वाहन यातायात नियन्त्रित र निर्बन्धित गर्नसक्नेछ;

(ख) कुनै संवेदनशील वा प्रभावित क्षेत्रमा कुनै व्यक्तिको प्रवेश, त्यसभित्र आउन-जान र त्यहाँबाट प्रस्थानलाई नियन्त्रित र निर्बन्धित गर्नसक्नेछ;

(ग) भग्नावेशेष हटाउन सक्नेछ, खोज गर्नसक्नेछ, र बचाउ कार्य गर्नसक्नेछ;

(घ) राष्ट्रिय प्राधिकरण र राज्य प्राधिकरणद्वारा अधिकथित मानक अनुसार आश्रय, खाद्य, पेयजल, आवश्यक रसद, स्वास्थ्य हेरचाह र सेवा उपलब्ध गराउन सक्नेछ;

(ङ) आवश्यक देखिए अनुसार, राज्य सरकारको सम्बन्धित विभाग र राज्यको स्थानीय सीमाभित्र कुनै जिल्ला प्राधिकरण वा अन्य प्राधिकरणलाई जीवन वा सम्पत्ति बचाउनका लागि बचाउ, निष्क्रमण वा तत्काल राहत पुऱ्याउनका लागि उपाय गर्न वा कार्वाही गर्न निर्देश दिनसक्नेछ;

(च) राज्य सरकारको सम्बन्धित विभाग वा अन्य कुनै निकाय वा प्राधिकरणबाट वा कुनै सुसङ्गत संसाधनका भारसाधक व्यक्तिबाट आपात मोचन, बचाउ र राहत प्रयोजनका लागि संसाधन उपलब्ध गराउने अपेक्षा गर्नसक्नेछ;

(छ) आपदाको क्षेत्रमा विशेषज्ञ तथा परामर्शीहरूबाट बचाउ अनि राहतका लागि सल्लाह अनि सहायता लिने अपेक्षा गर्नसक्नेछ;

(ज) अपेक्षित भए, कुनै प्राधिकरण वा व्यक्तिबाट सुख-सुविधाको अनन्य रूपमा वा अधिमानत रूपमा उपयोग गर्नसक्नेछ;

(झ) अस्थायी पुल वा अन्य आवश्यक संरचनाको निर्माण गर्नसक्नेछ र जनताका लागि परिसङ्कटमय देखिने त्यस्ता असुरक्षित संरचनाहरू ध्वस्त गर्नसक्नेछ;

(ञ) गैर सरकारी सङ्गठनले साम्यपूर्ण रूपमा वा अविभेदकारी रीतिले आफ्नो क्रियाकलाप गर्ने सुनिश्चित गर्नसक्नेछ;

(ट) कुनै आपदाको आशङ्काको स्थिति वा आपदालाई सम्बोधित गर्न जनतालाई जानकारी दिनसक्नेछ;

(ठ) केन्द्रिय सरकार वा राज्य सरकारद्वारा जारी निर्देश अनुरूप त्यस्तो कुनै उपाय गर्नसक्नेछ, जुन कुनै आपदाको आशङ्काको स्थिति वा आपदाको समय अपेक्षित वा वाञ्छित हुँदछ।

## अध्याय 4

### जिल्ला आपदा प्रबन्धन प्राधिकरण

25. जिल्ला आपदा प्रबन्धन प्राधिकरणको गठन :

(1) प्रत्येक राज्य सरकारले धारा 14 को उपधारा (1) को अधीनमा अधिसूचना जारी गररेपछि, यथाशीघ्र राज्यमा प्रत्येक जिल्लाका लागि अधिसूचनामा निर्दिष्ट गरिएअनुसार नामले एउटा जिल्ला आपदा प्रबन्धन प्राधिकरण स्थापना गर्नुपर्नेछ।

(2) जिल्ला प्राधिकरणमा अध्यक्ष र राज्य सरकारले तय गरेअनुरूप सातजनासम्म सदस्य हुनेछ, र नियममा अन्यथा प्रावधान नगरिएसम्म, निम्नलिखित हुनेछन्, अर्थात् :

(क) जिल्लाको यथास्थिति, कलेक्टर वा जिल्ला मेजिस्ट्रेट वा उपायुक्त पदेन अध्यक्ष हुनेछन्;

(ख) स्थानीय प्राधिकरणका निर्वाचित प्रतिनिधि पदेन सह-अध्यक्ष हुनेछन्;

तथापि, संविधानको छैटौं अनुसूचीमा निर्दिष्ट गरिए अनुसार, जनजाति क्षेत्रमा, स्वशासी जिल्लाको जिल्ला परिषद्का मुख्य कार्यपालक सदस्य पदेन सह-अध्यक्ष हुनेछन्;

(ग) जिल्ला प्राधिकरणका मुख्य कार्यपालक अधिकारी, पदेन;

(घ) पुलिस अधीक्षक, पदेन;

(ङ) जिल्लाका मुख्य चिकित्सा अधिकारी, पदेन;

(च) अधिकतम दुईजना जिल्ला स्तरीय अधिकारीलाई राज्य सरकारले नियुक्त गर्नुपर्नेछ

(3) जिल्ला परिषद् विद्यमान भएका कुनै जिल्लाका जिल्ला अध्यक्ष प्राधिकरणका सह-अध्यक्ष हुनेछन्।

(4) राज्य सरकारले जिल्लाका कुनै यस्ता अधिकारीलाई, जो यथास्थिति अतिरिक्त जिल्लालपाल वा जिल्ला न्यायाधिकारी वा अतिरिक्त उपायुक्तको पङ्क्तिसम्मका अधिकारीलाई, राज्य सरकारद्वारा निर्दिष्ट तथा जिल्ला प्राधिकरणद्वारा प्रत्यायोजित त्यस्ता शक्तिको प्रयोग र कार्यभारहरूको पालन गर्नका लागि जिल्ला प्राधिकरणको मुख्य कार्यपालक अधिकारी नियुक्त गर्नुपर्नेछ।

26. जिल्ला प्राधिकरणको अध्यक्षका शक्तिहरू :

(1) जिल्ला प्राधिकरणका अध्यक्षले, जिल्ला प्राधिकरणको अधिवेशनहरूको अध्यक्षता गर्नका अतिरिक्त, जिल्ला प्राधिकरणका यस्ता शक्तिको प्रयोग गर्नका साथै जिल्ला प्राधिकरणद्वारा प्रत्यायोजित कार्यभारहरूको निर्वहन गर्नुपर्नेछ।

(2) जिल्ला प्राधिकरणका अध्यक्षले आपातको स्थितिमा, जिल्ला प्राधिकरणको सबै वा केही शक्ति प्रयोग गर्नुपर्नेछ, तर यस्ता शक्तिहरूको प्रयोग जिल्ला प्राधिकरणको कार्योत्तर अनुसमर्थनको अधीनमा हुनुपर्नेछ।

(3) जिल्ला प्राधिकरण वा जिल्ला प्राधिकरणका अध्यक्षले, साधारण वा विशेष लिखित आदेशद्वारा, यथास्थिति, उपधारा (1) वा उपधारा (2) को अधीनमा आफ्नो शक्ति अनि कार्यभारहरूमा यस्ता शक्ति तथा कार्यभार, उचित ठहरिएअनुरूप त्यसका अधीनमा रहँदै, जिल्ला प्राधिकरणको मुख्य कार्यपालक अधिकारीका यस्ता शर्त अनि निबन्धन, यदि भए, त्यस अनुसार प्रत्यायोजित गर्नसक्नेछ।

27. अधिवेशन : जिल्ला प्राधिकरणको अधिवेशन आवश्यक ठहरिए अनुसार, अध्यक्षले उचित ठाने अनुरूप त्यस्ता स्थान अनि समयमा हुनेछ।

28. सल्लाहकार समिति तथा अन्य समितिको गठन :

(1) आवश्यक ठहरिए अनुरूप, आफ्नो कार्यभारहरू दक्षतापूर्ण रूपले निर्वहन गर्नका लागि, जिल्ला प्राधिकरणले एक वा एकभन्दा धेरै समिति तथा अन्य उप-समितिहरू गठन गर्नसक्नेछ।

(2) जिल्ला प्राधिकरणले आफ्नो सदस्यहरूबाट उपधारा (1) मा निर्दिष्ट समितिको अध्यक्ष नियुक्त गर्नसक्नेछ।

(3) उपधारा (1) को अधीनमा गठित कुनै पनि समिति वा उपसमितिमा विशेषज्ञका रूपमा सहयुक्त कुनै व्यक्तिलाई राज्य सरकारद्वारा तय गरिए अनुसार, त्यस्ता भत्ता प्रदान गर्नसक्नेछ।

29. जिल्ला प्राधिकरणका अधिकारी तथा अन्य कर्मचारीको नियुक्ति :

राज्य सरकारले जिल्ला प्राधिकरणको कार्यभार निर्वहनका लागि आवश्यक ठहरिए अनुरूप, जिल्ला प्राधिकरणमा त्यति नै सङ्ख्यामा अधिकारी, परामर्शदाता र अन्य कर्मचारी उपलब्ध गराउनु पर्नेछ।

30. जिल्ला प्राधिकरणको शक्ति अनि कार्यभार :

(1) जिल्ला प्राधिकरणले आपदा प्रबन्धनका लागि जिल्ला योजना, समन्वयन र कार्यान्वयन निकायको रूपमा काम गर्नुपर्नेछ तथा राष्ट्रिय प्राधिकरण र राज्य प्राधिकरणद्वारा अधिकथित मार्गदर्शक सिद्धान्त अनुसार जिल्लामा आपदा प्रबन्धनको प्रयोजनका लागि सबै उपाय गर्नुपर्नेछ।

(2) जिल्ला प्राधिकरणले उपधारा (1) को प्रावधानमाथि प्रतिकूल प्रभाव नपारी :

(i) जिल्लाको निम्ति जिल्ला मोचन योजनासहित आपदा प्रबन्धन योजना तयार गर्नुपर्नेछ;

(ii) राष्ट्रिय नीति, राज्य नीति, राष्ट्रिय योजना, राज्य योजना र जिल्ला योजना कार्यान्वयन र समन्वयनका साथै निगरानी गर्नुपर्नेछ;

(iii) जिल्लामा आपदाको संवेदनशील क्षेत्रहरूको पहिचान गर्नका साथै आपदाको निवारण र त्यसको प्रभावी शमनका लागि जिल्ला स्तरमा सरकारका विभागहरू तथा स्थानीय प्राधिकारीहरूद्वारा उपाय गरिएको सुनिश्चित सुनिश्चित गर्नुपर्नेछ;

(iv) आपदाहरूको निवारण, त्यसको प्रभावी शमन, तयारीका लागि राष्ट्रिय प्राधिकरण तथा राज्य प्राधिकरणद्वारा यथा अधिकथित मोचनका उपायहरू जिल्ला स्तरमा सरकारका सबै विभाग अनि जिल्लामा स्थानीय प्राधिकारीहरूद्वारा अनुसरण गरिएको सुनिश्चित गर्नुपर्नेछ;

(v) विभिन्न जिल्ला स्तरका प्राधिकारी तथा स्थानीय प्राधिकारीहरूद्वारा आपदा निवारण वा शमनका लागि यस्ता अन्य उपाय गर्नका लागि आवश्यकता अनुसार निर्देश जारी गर्नसक्नेछ;

(vi) जिल्ला स्तरमा सरकारी विभाग तथा जिल्लामा स्थानीय प्राधिकारीहरूद्वारा आपदा निवारण प्रबन्धन योजनाका लागि मार्गदर्शक सिद्धान्त अधिकथित गर्नसक्नेछ;

(vii) जिल्ला स्तरमा सरकारी विभागहरूद्वारा तयार गरिएका आपदा प्रबन्धन योजनाहरूको कार्यान्वयनमाथि निगरानी गर्नसक्नेछ;

(viii) जिल्ला स्तरमा सरकारी विभागहरूद्वारा आफ्नो योजना अनि परियोजनामा आपदा निवारण एवं शमनका लागि उपायहरूको एकिकरणको प्रयोजनका लागि अनसरित गर्नुपर्ने मार्गदर्शक सिद्धान्त अधिकथित गर्नका साथै अतिरिक्त तकनिकी सहायता उपलब्ध गराउन सक्नेछ।;

(ix) खण्ड (viii) मा निर्दिष्ट उपायहरूको कार्यान्वयनमाथि निगरानी गर्नसक्नेछ;

(x) जिल्लामा कुनै आपदा वा आपदाको आशङ्काको स्थितिमा मोचनका लागि राज्यको क्षमताको पुनर्वालोकन गर्नका साथै उन्नयनका लागि जिल्ला स्तरमा सम्बन्धित विभाग वा प्राधिकारीहरूलाई आवश्यक ठहरिए अनुरूप निर्देश जारी गर्नसक्नेछ;

(xi) तयारी उपायहरूको पुनर्वालोकन गर्नका साथै जिल्ला स्तरमा सम्बद्ध विभाग वा सम्बद्ध प्राधिकारीहरूलाई आपदा वा आपदाको शङ्काको स्थितिमा प्रभावी मोचनका लागि तयारी उपायहरूलाई अपेक्षित स्तरमा ल्याउनका लागि निर्देश जारी गर्नसक्नेछ;

(xii) जिल्लामा विभिन्न स्तरमा अधिकारी, कर्मचारी, स्वैच्छिक बचाउ कार्यकर्ताका लागि विशेषज्ञता प्रशिक्षण आयोजन गर्नका साथै त्यसको समन्वयन गर्नसक्नेछ;

(xiii) आपदा निवारण वा शमनका लागि स्थानीय प्राधिकारी, सरकारी र गैर सरकारी सङ्गठनको सहायताद्वारा सामुदायिक प्रशिक्षण तथा जागरूकता कार्यक्रमलाई सुगम बनाउन सक्नेछ;

(xiv) जनतालाई पूर्व चेतावनी र उचित सूचनाको प्रसारका लागि तन्त्र स्थापित गर्नका अतिरिक्त त्यसको अनुरक्षण, पुनर्वालोकन र उन्नयन गर्नसक्नेछ;

(xv) जिल्ला स्तरमा मोचन, योजना एवं मार्गदर्शक सिद्धान्तहरू बनाउन, पुनर्वालोकन गर्न र उन्नयन गर्नसक्नेछ;

(xvi) कुनै आपदाको आशङ्काको स्थिति वा आपदा मोचनको समन्वयन गर्नसक्नेछ;

(xvii) जिल्ला स्तरमा सरकारी विभाग तथा अन्य स्थानीय प्राधिकारीले जिल्ला मोचन योजना योजना अनुसरण गरी आफ्नो मोचन योजना तयार गरेको सुनिश्चित गर्नसक्नेछ;

(xviii) जिल्ला स्तरमा सम्बद्ध सरकारी विभाग वा जिल्लाको स्थानीय सिमाभित्र अन्य प्राधिकारीका लागि कुनै आपदाको आशङ्काको स्थिति वा आपदाको प्रभावी मोचनको उपाय गर्न मार्गदर्शक सिद्धान्त अधिकथित गर्न वा निर्देश जारी गर्नसक्नेछ;

(xix) जिल्ला स्तरमा सरकारी विभाग, कानूनी निकाय र जिल्ला आपदा प्रबन्धनमा संलग्न सरकारी तथा गैर सरकारी सङ्गठनहरूलाई सल्लाह दिन, सहायता गर्न र उनीहरूको क्रियाकलापलाई समन्वयन गर्नसक्नेछ;

(xx) जिल्लामा आपदाको स्थितिको आशङ्का वा आपदाको निवारण वा त्यसको शमनका लागि उपायहरूलाई तत्परता का साथ प्रभावी रूपमा गरिएको सुनिश्चित गर्नका साथै जिल्लामा स्थानीय प्राधिकारीहरूसँग समन्वयन र मार्गनिर्देशन गर्नसक्नेछ;

(xxi) जिल्लामा स्थानीय प्राधिकारीहरूलाई कार्यभार गर्न आवश्यक तकनिकी सहायता उपलब्ध गराउन वा सल्लाह दिनसक्नेछ;

(xxii) जिल्ला स्तरमा सरकारी विभाग, कानूनी प्राधिकारी वा स्थानीय प्राधिकारीहरूद्वारा आपदा निवारण वा त्यसको शमनका लागि तयार गरिएको विकास योजनामा आवश्यक प्रावधानलाई ध्यानमा राख्दै पुनर्वालोकन गर्नसक्नेछ;

(xxiii) जिल्लामा कुनै क्षेत्रमा निर्माणको जाँच गर्न र यदि उनको विचारमा आपदा निवारण वा त्यसको शमनका लागि त्यस्ता निर्माणको निम्ति अधिकथित मानक पालन नगरिएको वा नभएको पाए, मानकहरूको अनुपालन सुनिश्चित गर्न आवश्यक कार्वाहीको निम्ति सम्बद्ध प्राधिकारीलाई निर्देश दिनसक्नेछ;

(xxiv) आपदाको आशङ्का वा आपदाको स्थितिमा राहत केन्द्र वा शिविरको रूपमा प्रयोग गर्न मिल्ने त्यस्ता भवन तथा स्थानहरूको पहिचान गर्नका साथै त्यस्ता भवन अनि स्थानहरूमा जल प्रदाय तथा स्वच्छताको व्यवस्था गर्नसक्नेछ;

(xxv) राहत सञ्चय र बचाउ सामग्रीको स्थापना गर्न वा कुनै अल्प सूचनामा यस्ता सामग्री उपलब्ध गराउने तयारी सुनिश्चित गर्नसक्नेछ;

(xxvi) आपदा प्रबन्धनको विभिन्न पक्षको सम्बन्धमा राज्य प्राधिकरणलाई सूचना दिनसक्नेछ;

(xxvii) जिल्लामा प्रारम्भिक स्तरमा कार्यरत गैर सरकारी सङ्गठन र स्वैच्छिक सामाजिक कल्याण संस्थाहरूलाई आपदा प्रबन्धनमा सम्मिलित हुनका लागि प्रोत्साहित गर्नसक्नेछ;

(xxviii) सञ्चार प्रणाली ठीक रहेको र आपदा प्रबन्धन अभ्यास सामयिक रूपमा गरिएको सुनिश्चित गर्नसक्नेछ;

(xxix) राज्य प्राधिकरणद्वारा निर्देशित गरिएका वा आवश्यक ठहरिए अनुरूप, जिल्लामा आपदा प्रबन्धनका लागि आवश्यक ठहरिएका त्यस्ता अन्य कार्यभार पालन गर्नसक्नेछ।

31. जिल्ला योजना

(1) राज्यको प्रत्येक जिल्लाका लागि आपदा प्रबन्धनको निम्ति एउटा योजना हुनेछ।

(2) जिल्ला प्राधिकरणले, स्थानीय प्राधिकारीहरूसँग परामर्श गरेपछि तथा राष्ट्रिय योजना अनि राज्य योजनालाई ध्यानमा राख्दै जिल्ला योजना तयार गर्नुपर्नेछ, जसलाई राज्य प्राधिकरणद्वारा अनुमोदन गरिनेछ।

(3) जिल्ला योजनामा निम्नलिखित सम्मिलित रहनेछन् :

(क) आपदाको विभिन्न रूपबाट संवेदनशील त्यस्ता क्षेत्रहरू;

(ख) जिल्ला स्तरका सरकारी विभाग तथा जिल्लाका स्थानीय प्राधिकारीहरूद्वारा आपदा निवारण एवं शमनका लागि गरिने उपाय;

(ग) जिल्ला स्तरका सरकारी विभाग तथा जिल्लाका स्थानीय प्राधिकारीहरूद्वारा कुनै आपदाको आशङ्काको स्थिति वा आपदा मोचनका लागि अपेक्षित क्षमता निर्माण र त्यसको तयारीका उपाय;

(घ) कुनै आपदाको स्थितिमा, मोचन योजना र प्रक्रिया, जसमा निम्नलिखितको व्यवस्था हुनुपर्नेछ :

(i) जिल्ला स्तरका सरकारी विभाग तथा जिल्लामा स्थानीय निकायहरूको उत्तरदायित्त्वको आबन्टन;

(ii) आपदाको तुरुन्तै मोचन तथा त्यसबाट राहत;

(iii) आवश्यक संसाधनहरूको उपार्जन;

(iv) सञ्चार सम्पर्कको स्थापना; र

(v) जनताबीच सूचनाको प्रसार;

(ङ) यस्ता अन्य विषय, जुन राज्य प्राधिकरणद्वारा अपेक्षित गरिन्छ।

(4) जिल्ला योजनालाई वार्षिक रूपमा पुनर्वालोकनका साथै अद्यतन गर्नुपर्नेछ।

(5) उपधारा (2) र उपधारा (4) मा निर्दिष्ट जिल्ला योजनाको प्रति सरकारी विभागहरूलाई उपलब्ध गर्नुपर्नेछ।

(6) जिल्ला प्राधिकरणले जिल्ला योजनाको एउटा प्रति राज्य प्राधिकरणलाई पठाउनका साथै राज्य सरकारलाई पनि अग्रेसित गर्नुपर्नेछ।

(7) जिल्ला प्राधिकरणले समय-समयमा, योजना कार्यान्वयनको पुनर्वालोकन गर्नका साथै जिल्लामा सरकारका विभिन्न विभागलाई कार्यान्वयनको निम्ति आवश्यक देखिएका त्यस्ता अनुदेशहरू जारी गर्नुपर्नेछ।

32. जिल्ला स्तरमा विभिन्न प्राधिकारीद्वारा योजना तयार गरी त्यसको कार्यान्वयन :

जिल्ला स्तरमा भारत सरकार तथा राज्य सरकारको प्रत्येक कार्यालय र स्थानीय जिल्ला प्राधिकारीले जिल्ला प्राधिकरणको पर्यवेक्षणको अधीनमा रहँदै :

(क) आपदा प्रबन्धन योजना तयार गर्नुपर्नेछ, जसमा निम्नलिखित उपवर्णित हुनुपर्नेछ, अर्थात् :

(i) जिल्ला योजनामा यथा उपबन्धित तथा सम्बन्धित विभाग वा अभिकरणलाई समुदेशित गरिएअनुरूप निवारण र शमनका उपायहरूको व्यवस्था गर्नुपर्नेछ,;

(ii) जिल्ला योजनामा यथा अधिकथित क्षमता निर्माण तथा तयारीसित सम्बन्धित उपायहरू गर्ने प्रावधान;

(iii) कुनै आपदाको आशङ्का वा आपदाको स्थितिमा मोचन योजना र प्रक्रियाहरू।

(ख) जिल्ला स्तरमा, स्थानीय समुदाय तथा अन्य स्थानीय प्राधिकारी समुदाय र हितधारक रहेका अन्य सङ्गठनको योजनाका साथमा आफ्नो योजनाको तयारी र कार्यान्वयनलाई समन्वित गर्नुपर्नेछ;

(ग) योजनालाई नियमित रूपमा पुनर्वालोकन गर्नका साथै त्यसको अद्यतन गर्नुपर्नेछ, र

(घ) जिल्ला प्राधिकरणले आफ्नो आपदा प्रबन्धन योजना र त्यसको कुनै संशोधनको एउटा प्रति प्रस्तुत गर्नुपर्नेछ।

33. जिल्ला प्राधिकरणद्वारा अध्यादेश : जिल्ला प्राधिकरणले आदेशद्वारा जिल्ला स्तरमा कुनै अधिकारी वा कुनै विभाग वा कुनै स्थानीय प्राधिकारीबाट, आपदा निवारण वा त्यसको शमनका लागि वा त्यसको प्रभावी रूपमा मोचनका लागि, आवश्यकता ठहरिएअनुरूप कार्य गर्न अपेक्षा गर्नसक्नेछ भने त्यस्ता प्राधिकारी वा विभाग त्यस्ता आदेश पालन गर्न बाध्य ठहरिनेछ।

34. कुनै आपदाको आशङ्काको स्थिति वा आपदाको स्थितिमा जिल्ला प्राधिकरणको शक्ति तथा कार्यभार : कुनै आपदाको आशङ्काको स्थिति वा आपदामा समुदायको सहायता गर्न, त्यसको संरक्षण गर्न वा राहत उपलब्ध गराउने प्रयोजनका लागि जिल्ला प्राधिकरणले :

(क) जिल्लामा कुनै सरकारी विभाग तथा स्थानीय प्राधिकारीसँग उपलब्ध संसाधनको निकासी र उपयोगका लागि निर्देश दिनसक्नेछ;

(ख) अति-संवेदनशील वा प्रभावित क्षेत्रमा अथवा त्यहाँभित्र वाहनहरूको आवागमनलाई नियन्त्रित र निषेधित गर्नसक्नेछ;

(ग) कुनै अति-संवेदनशील वा प्रभावित क्षेत्रमा कुनै व्यक्तिको प्रवेश, चलाचल तथा प्रस्थानलाई नियन्त्रित अनि निषेधित गर्नसक्नेछ;

(घ) भग्नावशेष हटाउन, खोजबीन गर्न र बचाउ कार्य गर्नसक्नेछ;

(ङ) आश्रय, भोजन, पिउने पानी र आवश्यक सामग्री, स्वास्थ्य हेरचार र अन्य सेवा उपलब्ध गराउन सक्नेछ;

(च) प्रभावित क्षेत्रमा आपात सञ्चार प्रणालीको स्थापना गर्नसक्नेछ;

(छ) पहिचान नखुलेका लाशहरू टुङ्गो लगाउन व्यवस्था गर्नसक्नेछ;

(ज) जिल्ला स्तरमा राज्य सरकारको कुनै विभाग वा त्यस सरकारको अधीनमा कुनै प्राधिकारी वा कुनै निकायलाई आवश्यक ठहरिएका त्यस्ता जरुरी उपाय गर्न सिफारिश गर्नसक्नेछ;

(झ) सुसङ्गत क्षेत्रहरूमा सल्लाह अनि सहायता दिनका लागि विशेषज्ञ अनि परामर्शदाताहरू आवश्यकता अनुसार खटाउन सक्नेछ;

(ञ) कुनै प्राधिकारी वा व्यक्तिबाट कुनै सुख-सुविधाका अनन्य वा अधिमानी उपयोगका लागि उपार्जन गर्नसक्नेछ;

(ट) अस्थायी पुल वा अन्य आवश्यक संरचना निर्माण गर्नका साथै जनताका लागि जोखिमपूर्ण देखिएका वा आपदाको प्रभावलाई अझ गम्भीर बनाउने सम्भावना रहेका त्यस्ता संरचनालाई ध्वस्त गर्नसक्नेछ;

(ठ) गैर सरकारी सङ्गठनले आफ्नो क्रियाकलाप साम्यपूर्ण साथै अविभेदकारी रीतिले गर्नसक्ने सुनिश्चित गर्नसक्नेछ;

(ड) त्यस्तो कुनै स्थितिमा आवश्यक वा अपेक्षित देखिएका त्यस्ता अन्य कार्वाही गर्नसक्नेछ।

## अध्याय 5

## आपदा प्रबन्धनको निम्ति सरकारद्वारा उपाय

35. केन्द्रिय सरकारद्वारा गरिने उपाय :

(1) केन्द्रिय सरकारले यस अधिनियमका प्रावधानहरूका अधीनमा रहँदै, आपदा प्रबन्धनको प्रयोजनका लागि आवश्यक साथै समुचित ठहरिएअनुरूप त्यस्ता सबै उपाय गर्नुपर्नेछ।

(2) विशेष रूपमा, तथा उपधारा (1) का प्रावधानको व्यापकतामाथि प्रतिकूल प्रभाव नपारी, केन्द्र सरकारले यस उपधाराको अधीनमा गर्नसक्ने ती सबै वा केही विषयमाथि उपाय गर्नसक्नेछ, अर्थात् :

(क)आपदा प्रबन्धनको सम्बन्धमा भारत सरकारका मन्त्रालयहरू वा विभागहरू, राज्य सरकारहरू, राष्ट्रिय प्राधिकरण, सरकारी वा गैर सरकारी सङ्गठनहरूका कार्यहरू समन्वयन गर्न;

(ख) भारत सरकारका मन्त्रालयहरू वा विभागहरूद्वारा आफ्नो विकास योजना अनि परियोजनामा आपदा निवारण तथा शमनका लागि उपायहरूको एकिकरण सुनिश्चित गर्न;

(ग) भारत सरकारका मन्त्रालयहरू वा विभागहरूद्वारा आपदाको निवारण, शमन, क्षमता निर्माण र तयारीका लागि धनराशिको समुचित बाँडफाँड सुनिश्चित गर्न;

(घ) भारत सरकारका मन्त्रालय वा विभागले कुनै आपदाको आशङ्का वा आपदालाई त्वरित अनि प्रभावी मोचनका लागि तयारी गर्न आवश्यक उपाय गर्ने सुनिश्चित गर्न;

(ङ) राज्य सरकारलाई उनीहरूद्वारा गरिएको अनुरोध अनुसार वा अन्यथा समुचित ठहरिए अनुसार सहयोग र सहायता गर्न;

(च) यस अधिनियमको प्रयोजनका लागि अपेक्षित, नौसेना, थल सेना र वायु सेना, सङ्घका अन्य सशस्त्र बल वा कुनै अन्य लोक कार्मिकलाई तैनाथ गर्न;

(छ) यस अधिनियमको प्रयोजनका लागि संयुक्त राष्ट्र अभिकरण, अन्तरराष्ट्रिय सङ्गठन र विदेशी सरकारहरूसँग समन्वयन गर्न;

(ज)आपदा प्रबन्धनको क्षेत्रमा शोध, प्रशिक्षण र विकास कार्यक्रमका लागि संस्थाहरू स्थापना गर्न;

(झ) यस अधिनियमका प्रावधानहरूको प्रभावी कार्यान्वयन सुनिश्चित गर्ने प्रयोजनका लागि आवश्यक वा उचित ठहरिएका त्यस्ता अन्य विषय।

(3) केन्द्रिय सरकारले ठूलो आपदाद्वारा प्रभावित अन्य देशलाई उचित ठहरिएअनुरूप त्यस्तो सहायता प्रदान गर्नसक्नेछ।

36. भारत सरकारका मन्त्रालय वा विभागहरूको उत्तरदायित्त्व :

भारत सरकारका प्रत्येक मन्त्रालय वा विभागको निम्नलिखित उत्तरदायित्त्व हुनेछ :

(क) राष्ट्रिय प्राधिकरणद्वारा अधिकथित मार्गदर्शक सिद्धान्तहरू अनुसार आपदा निवारण, शमन, तयारी वा क्षमता निर्माणका लागि आवश्यक उपाय गर्न;

(ख) राष्ट्रिय प्राधिकरणद्वारा अधिकथित मार्गदर्शक सिद्धान्तहरू अनुसार आपदा निवारण वा शमनका लागि उपायहरूको आफ्नो विकास योजना र परियोजनाहरूमा एकिकृत गर्न;

(ग) राष्ट्रिय प्राधिकरणको मार्गदर्शक सिद्धान्त वा यसका निमित्त राष्ट्रिय कार्यकारिणी समितिको निर्देश अनुसार कुनै आपदाको आशङ्काको स्थिति वा आपदालाई प्रभावी अनि त्वरित रूपमा मोचन गर्न;

(घ) आपदाको निवारण, शमन वा तयारीका लागि आवश्यक प्रावधान समाविष्ट गर्ने दृष्टिले प्रशासित अधिनियम, आफ्नो नीति, नियम र विनियमहरू पुनर्वालोकन गर्न;

(ङ) आपदाको निवारण, शमन वा क्षमता निर्माण र तयारीका उपायहरूका लागि धनराशि आबन्टन गर्न;

(च) राष्ट्रिय प्राधिकरण र राज्य सरकारहरूलाई निम्नलिखितका लागि सहायता प्रदान गर्नुपर्नेछ :

(i) आपदा प्रबन्धनको सम्बन्धमा शमन, तयारी र मोचन योजना तयार गर्न, क्षमता निर्माण, तथ्याङ्क सङ्ग्रहण र कार्मिकहरूको पहिचान एवं प्रशिक्षण;

(ii) प्रभावित क्षेत्रमा बचाउ र राहत कार्य गर्न;

(iii) कुनै आपदाबाट क्षतिको निर्धारण गर्न;

(iv) पुनर्वास र पुनर्निर्माण गर्न;

(छ) कुनै आपदाको आशङ्काको स्थिति वा आपदालाई तत्परताका साथ प्रभावी रूपमा मोचनको प्रयोजनका लागि आफ्नो संसाधन राष्ट्रिय कार्यकारिणी समिति वा राज्य कार्यकारिणी समितिलाई उपलब्ध गराउनु, जसमा निम्नलिखित उपाय पनि सामेल रहनेछन् :

(i) कुनै भेद्य वा प्रभावित क्षेत्रमा आपात सञ्चार सुविधा उपलब्ध गराउनु;

(ii) कार्मिक तथा राहत सामग्री प्रभावित क्षेत्रसम्म पुऱ्याउनु वा त्यहाँदेखि परिवहन गर्नु;

(iii) उद्धार, बचाउ, अस्थायी आश्रय र अन्य तत्काल राहत प्रदान गर्नु;

(iv) अस्थायी पुल, घाट र हवाई पट्टीहरू स्थापित गर्नु;

(v) कुनै प्रभावित क्षेत्रमा पिउने पानी, आवश्यक रसद, स्वास्थ्य हेरचाह र सेवाहरू उपलब्ध गराउनु;

(ज) आपदा प्रबन्धनका लागि आवश्यक अन्य त्यस्ता कार्यहरू गर्नु।

37. भारत सरकारका मन्त्रालय वा विभागहरूका आपदा प्रबन्धन योजना :

(1) भारत सरकारका प्रत्येक मन्त्रालय वा विभागले :

(क) निम्नलिखित विशिष्टता निर्दिष्ट गर्दै आपदा प्रबन्धन योजना तयार गर्नुपर्नेछ, अर्थात् :

(i) आपदाको निवारण तथा शमनका लागि राष्ट्रिय योजना अनुसार गर्नुपर्ने उपाय;

(ii) राष्ट्रिय प्राधिकरण र राष्ट्रिय कार्यकारिणी समितिको मार्गदर्शक सिद्धान्त अनुसार आफ्नो विकास योजनामा शमनका उपायहरू एकिकृत गर्ने सम्बन्धमा विनिर्देश;

(iii) कुनै आपदाको आशङ्काको स्थिति वा आपदाको सम्बन्धमा कार्वाहीको तयारी र क्षमता निर्माणको सम्बन्धमा त्यसको भूमिका र उत्तरदायित्त्व;

(iv) कुनै आपदाको आशङ्काको स्थिति वा आपदालाई तत्परताका साथ अनि प्रभावी रूपमा मोचनको निम्ति उसको भूमिका र उत्तरदायित्त्व;

(v) उपखण्ड (iii) र उपखण्ड (iv) मा विनिर्दिष्ट तयारीको सम्बन्धमा आफ्नो भूमिका र उत्तरदायित्त्वको वर्तमान स्थिति;

(vi) उपखण्ड (iii) र उपखण्ड (iv) मा विनिर्दिष्ट आफ्नो उत्तरदायित्त्व पालन गर्न समर्थ बनाउनका लागि अपेक्षित उपाय गर्नुपर्नेछ;

(ख) खण्ड (क) मा निर्दिष्ट योजनालाई वार्षिक रूपमा पुनर्वालोकन र अद्यतन गर्नुपर्नेछ;

(ग) यथास्थिति, खण्ड (क) वा खण्ड (ख) मा निर्दिष्ट योजनाको एक प्रति केन्द्रिय सरकारलाई अग्रेसित गर्नुपर्नेछ, जसलाई सरकाले अनुमोदनका लागि राष्ट्रिय प्राधिकरणमा पठाउनेछ।

(2) भारत सरकारका प्रत्येक मन्त्रालय वा विभागले :

(क) उपधारा (1) को खण्ड (क) को अधीनमा, आपदा प्रबन्धन योजना तयार गरिरहेको समय, त्यसमा विनिर्दिष्ट क्रियाकलापलाई वित्तपोषण गर्ने व्यवस्था गर्नुपर्नेछ;

(ख) राष्ट्रिय प्राधिकरणले उपधारा (1) को खण्ड (क) मा निर्दिष्ट योजना कार्यान्वयनसित सम्बन्धित स्थितिको प्रतिवेदन अपेक्षित गरिएअनुसार बुझाउनुपर्नेछ।

38. राज्य सरकारले गर्नुपर्ने उपाय :

(1) यस अधिनियमका प्रावधानहरूका अधीनमा रहँदै, आपदा प्रबन्धनको प्रयोजनका लागि आवश्यक वा उचित ठहरिएअनुरूप, प्रत्येक राज्य सरकारले राष्ट्रिय प्राधिकरणद्वारा अधिकथित मार्गदर्शक सिद्धान्तमा विनिर्दिष्ट सबै उपाय तथा यस्ता अन्य उपाय गर्नुपर्नेछ।

(2) ती उपायहरू अन्तर्गत राज्य सरकारले उपधारा (1) को अधीनमा गर्नसक्ने निम्नलिखित सबै वा केही विषयमाथि उपाय गर्नसक्नेछ, अर्थात् :

(क) राज्य सरकारको विभिन्न विभाग, राज्य प्राधिकरण, जिल्ला प्राधिकरण, स्थानीय प्राधिकारी र अन्य गैर सरकारी सङ्गठनका कार्यहरूको समन्वयन;

(ख) आपदा प्रबन्धनमा राष्ट्रिय प्राधिकरण र राष्ट्रिय कार्यकारिणी समिति, राज्य प्राधिकरण तथा राज्य कार्यकारिणी समिति लगायत जिल्ला प्राधिकरणलाई सहयोग एवं सहायता;

(ग) भारत सरकारका मन्त्रालय वा विभागहरूलाई आपदा प्रबन्धनका लागि अनुरोध गरिएका वा अन्यथा उचित ठहरिएका त्यस्ता सहयोग एवं सहायता;

(घ) राज्य सरकारका विभागहरूद्वारा आपदा निवारण, शमन, क्षमता निर्माण र तयारीका लागि राज्य योजना तथा जिल्ला योजनाहरूका प्रावधान अनुसार उपायको निम्ति धनराशि आबन्टन;

(ङ) राज्य सरकारका विभागहरूद्वारा आफ्नो विकास योजना र परियोजनाहरूमा आपदा निवारण वा शमनका लागि उपायहरूको एकिकरण सुनिश्चित गर्नु;

(च) राज्यका विभिन्न भागमा विभिन्न आपदाको संवेदनशीलता कम्ति गर्न वा शमन गर्नका लागि राज्य विकास योजना वा उपायहरूमा एकिकरण;

(छ) राज्यका विभिन्न विभागद्वारा राष्ट्रिय प्राधिकरण र राज्य प्राधिकरणद्वारा अधिकथित मार्गदर्शक सिद्धान्त अनुसार आपदा प्रबन्धन योजनाहरू तयार गर्ने सुनिश्चित गर्नु;

(ज) संवेदनशील समुदायको स्तरसम्म पर्याप्त चेतावनी प्रणाली स्थापित गर्नु;

(झ) राज्य सरकारका विभिन्न विभाग तथा जिल्ला प्राधिकरणद्वारा समुचित तयारीका लागि उपाय सुनिश्चित गर्नु;

(ञ) आपदाको आशङ्काको स्थिति वा आपदामा राज्य सरकारका विभिन्न विभागको संसाधन कुनै आपदाको आशङ्काको स्थिति वा

आपदाको प्रभावी मोचन, बचाउ अनि राहतको प्रयोजनका लागि यथास्थिति, राष्ट्रिय कार्यकारिणी समिति वा राज्य कार्यकारिणी समितिलाई उपलब्ध गराउने सुनिश्चित गर्नु;

(ट) कुनै आपदाबाट पीडित व्यक्तिहरूको पुनर्वास गर्नका साथै पुनर्निर्माणमा सहायता प्रदान गर्नु;

(ठ) यस अधिनियमका प्रावधानहरूको प्रभावी कार्यान्वयन सुनिश्चित गर्ने प्रयोजनका लागि आवश्यक वा उचित ठहरिएका अन्य विषयहरू।

39. राज्य सरकारका विभागहरूको उत्तरदायित्त्व :

राज्य सरकारका प्रत्येक विभागको निम्नलिखित उत्तरदायित्त्व हुनेछ :

(क) राष्ट्रिय प्राधिकरण र राज्य प्राधिकरणद्वारा अधिकथित मार्गदर्शक सिद्धान्त अनुसार आपदाको निवारण, शमन, तयारी र क्षमता निर्माणका लागि आवश्यक उपाय गर्न;

(ख) आफ्नो विकास योजना तथा परियोजनामा आपदा निवारण र शमनका लागि उपायहरू एकिकृत गर्नु;

(ग) आपदाको निवारण, शमन, क्षमता निर्माण र तयारीका लागि धनराशि आबन्टित गर्नु;

(घ) कुनै आपदाको आशङ्काको स्थिति वा आपदाको राज्य योजना अनुसार र राष्ट्रिय कार्यकारिणी समिति साथै राज्य कार्यकारिणी समितिको मार्गदर्शक सिद्धान्त वा निर्देश अनुसार प्रभावी रूपमा तत्परताका साथ मोचन गर्नु;

(ङ) आपदाको निवारण, शमन वा त्यसका लागि तयारीको निम्ति आवश्यक प्रावधान सम्मिलित गर्ने दृष्टिले तिनीद्वारा प्रशासित अधिनियम, नीति, नियम तथा विनियमहरूको पुनर्वालोकन गर्नु;

(च) निम्नलिखितका लागि, राष्ट्रिय कार्यकारिणी समिति, राज्य कार्यकारिणी समिति तथा जिल्ला प्राधिकरणद्वारा यथाअपेक्षित सहायता प्रदान गर्नु।

(i) शमन, तयारी र मोचन, क्षमता निर्माण, डाटा सङ्ग्रहण तथा आपदा प्रबन्धनको सम्बन्धमा कर्मचारीहरूको पहिचान र उनीहरूको प्रशिक्षणका लागि योजनाहरू तयार गर्नु;

(ii) कुनै आपदाबाट नोक्सानीको निर्धारण गर्नु;

(iii) पुनर्वास र पुनर्निर्माणको काम गर्नु;

(छ) जिल्ला स्तरमा आफ्ना प्राधिकारीहरूद्वारा जिल्ला योजना कार्यान्वित गर्नका लागि राज्य प्राधिकरणसँग परामर्श गरी संसाधनको व्यवस्था गर्नु;

(ज) राष्ट्रिय कार्यकारिणी समिति वा राज्य कार्यकारिणी समिति वा जिल्ला प्राधिकरणहरूलाई राज्यमा कुनै आपदाको तत्परताका साथ प्रभावी रूपमा मोचन गर्ने प्रयोजनका लागि चल उल्लेखित उपाय गर्नका साथै आफ्नो संसाधन उपलब्ध गराउनु पर्नेछ :

(i) संवेदनशील वा प्रभावित क्षेत्रमा आफात सञ्चार सुविधा उपलब्ध गराउनु;

(ii) कार्मिक तथा राहत सामग्री प्रभावित क्षेत्रसम्म वा त्यहाँबाट बाहिर लैजान परिवहन प्रदान गर्नु;

(iii) उद्धार, बचाउ, अस्थायी आश्रय वा अन्य तत्काल राहत प्रदान गर्नु;

(iv) कुनै आपदाको आशङ्काको स्थिति वा आपदाको कुनै क्षेत्रबाट व्यक्ति वा पशुहरूको उद्धार गर्नु;

(v) अस्थायी पुल, घाट वा हवाई पट्टीहरू स्थापित गर्नु;

(vi) प्रभावित क्षेत्रमा पिउने पानी, आवश्यक रसद, स्वास्थ्य स्याहार सेवा उपलब्ध गराउनु;

(झ) आपदा प्रबन्धनका लागि आवश्यक अन्य त्यस्ता कार्यहरू।

40. राज्य सरकारका विभागहरूको आपदा प्रबन्धन योजना

राज्य सरकारका प्रत्येक विभाग, राज्य प्राधिकरणले अधिकथित मार्गदर्शक सिद्धान्त अनुरूप :

(क) एउटा आपदा प्रबन्धन योजना तयार गर्नुपर्नेछ, जसमा निम्नलिखित अधिकथित हुनेछन् :

(i) आपदाका प्रकार जसबाट राज्यको विभिन्न भाग संवेदनशील छ;

(ii) आपदा निवारण वा त्यसको प्रभाव शमन वा दुवैका लागि नीतिहरू त्यस विभागद्वारा विकास योजना अनि कार्यक्रमहरूमा एकिकरण;

(iii) कुनै आपदाको आशङ्काको स्थिति वा आपदाको स्थितिमा अपेक्षित ती आपातकालीन सहायता, तथा राज्यको उक्त विभागको भूमिका र उत्तरदायित्त्व;

(iv) उपखण्ड (iii) को अधीनमा त्यस्ता भूमिका वा उत्तरदायित्त्व वा आपातकालीन सहायता कार्य गर्ने उसको तयारीको वर्तमान स्थिति;

(v) धारा 37 को अधीनमा भारत सरकारका मन्त्रालय वा विभागहरूलाई उनीहरूको उत्तरदायित्त्व निर्वहन गर्नका लागि समर्थ बनाउन गरिने प्रस्तावित क्षमता निर्माण र तयारीको उपाय;

(ख) खण्ड (क) मा निर्दिष्ट योजनालाई वार्षिक रूपमा पुनर्वालोकन र त्यसको अद्यतन गर्नु; र

(ग) राज्य प्राधिकरणलाई, यथास्थिति, खण्ड (क) वा खण्ड (ख) मा निर्दिष्ट योजनाको प्रति दिनु।

(2) राज्य सरकारका प्रत्येक विभागले उपधारा (1) को अधीनमा योजना तयार गर्दा त्यसमा विनिर्दिष्ट क्रियाकलापको निम्ति वित्तपोषणको व्यवस्था गर्नुपर्नेछ।

(3) राज्य सरकारका प्रत्येक विभागले राज्य कार्यकारिणी समितिलाई उपधारा (1) मा निर्दिष्ट आपदा प्रबन्धन योजना कार्यान्वयनको सम्बन्धमा कार्यान्वयनको स्थितिबारे प्रतिवेदन बुझाउनुपर्नेछ।

## अध्याय 6

## स्थानीय प्राधिकारी

### 41. स्थानीय प्राधिकारीको कार्यभार

(1) स्थानीय प्राधिकारीले जिल्ला प्राधिकरणको निर्देशको अधीनमा रहँदै :

(क) उसका अधिकारी तथा कर्मचारीहरू आपदा प्रबन्धनका लागि प्रशिक्षित रहेको सुनिश्चित गर्नुपर्नेछ;

(ख) आपदा प्रबन्धनसित सम्बन्धित संसाधनलाई आपदाको आशङ्काको स्थिति वा आपदाको स्थितिमा सधैं उपयोगका लागि उपलब्ध रहने सुनिश्चित गर्नुपर्नेछ;

(ग) उसका अधीनमा वा उसको अधिकार क्षेत्रभित्र सबै निर्माण परियोजना राष्ट्रिय प्राधिकरण, राज्य प्राधिकरण तथा जिल्ला प्राधिकरणद्वारा आपदाको निवारण एवं शमनका लागि अधिकथित मानक र विनिर्देश अनुरूप रहेको सुनिश्चित गर्नुपर्नेछ;

(घ) प्रभावित क्षेत्रमा राज्य योजना तथा जिल्ला योजना अनुसार राहत, पुनर्वास र पुनर्निर्माणको क्रियाकलाप गर्नुपर्नेछ।

(2) स्थानीय प्राधिकारीले आपदा प्रबन्धनका लागि आवश्यक देखिएका त्यस्ता कुनै उपाय गर्नसक्नेछ।

## अध्याय 7

## राष्ट्रिय आपदा प्रबन्धन संस्थान

### 42. राष्ट्रिय आपदा प्रबन्धन संस्थान

(1) केन्द्रिय सरकारले राजपत्रमा अधिसूचनाद्वारा यसका निमित्त नियत गरेको मितिदेखि, राष्ट्रिय आपदा प्रबन्धन संस्थानको नामले एउटा संस्थान गठन गर्नुपर्नेछ।

(2) राष्ट्रिय आपदा प्रबन्धन संस्थानमा, केन्द्रिय सरकारले निर्दिष्ट गरेको सङ्ख्यामा सदस्यहरू हुनेछन्।

(3) राष्ट्रिय आपदा प्रबन्धन संस्थानका सदस्यहरूको पदावधि र त्यसमा रिक्त स्थान भर्ने रीति निर्दिष्ट गरिएअनुसार हुनेछ।

(4) राष्ट्रिय आपदा प्रबन्धन संस्थानको एउटा शासक निकाय हुनेछ, जसको गठन केन्द्रिय सरकारद्वारा राष्ट्रिय आपदा प्रबन्धन संस्थानका सदस्यहरूबाटै निर्दिष्ट गरिए अनुसारको रीतिले गरिनेछ।

(5) राष्ट्रिय आपदा प्रबन्धन संस्थानको शासक निकायले विनियमहरूद्वारा निर्दिष्ट गरिएअनुरूप त्यस्ता शक्तिको प्रयोग तथा कार्यभार निर्वहन गर्नेछ।

(6) शासक निकायद्वारा आफ्नो शक्तिको प्रयोग तथा कार्यभार निर्वहनमा अनुसरण गरिने प्रक्रियाका साथमा शासक निकायका सदस्यहरूको पदावधि अनि रिक्त स्थान भर्ने रीति विनियमद्वारा निर्दिष्ट गरिएअनुरूप हुनेछ।

(7) यस धाराको अधीनमा विनियम बनाइएसम्म, केन्द्रिय सरकारले त्यस्ता विनियमहरू बनाउन सक्नेछ र यस प्रकार बनाइएका कुनै पनि विनियमलाई राष्ट्रिय आपदा प्रबन्धन संस्थानले आफ्नो शक्तिहरू प्रयोग गर्दै उपान्तरित वा विखण्डित गर्नसक्नेछ।

(8) इस अधिनियमका प्रावधानहरूका अधीनमा रहँदै, राष्ट्रिय प्राधिकरणद्वारा अधिकथित विस्तृत नीति तथा मार्गदर्शक सिद्धान्तहरू भित्र रहेर काम गर्नुपर्नेछ भने आपदा प्रबन्धन, दस्तावेजीकरण र आपदा प्रबन्धन नीतिहरू, निवारण तन्त्र तथा शमनका उपायहरूसित सम्बन्धित राष्ट्रिय स्तरको सूचनाको आधारमा विन्यासको क्षेत्रमा प्रशिक्षण र अनुसन्धानको योजना बनाउन र त्यसको संवर्धन गर्न राष्ट्रिय आपदा प्रबन्धन संस्थान उत्तरदायी रहनेछ।

(9) उपधारा (8) मा सामेल प्रावधानहरूको व्यापकतामाथि प्रतिकूल प्रभाव नपारी, राष्ट्रिय संस्थानले आफ्नो कार्यभार निर्वहनका लागि :

(क) आपदा प्रबन्धनमा प्रशिक्षण मापदण्डको विकास, अनुसन्धान तथा दस्तावेजीकरणका साथै प्रशिक्षण कार्यक्रमहरू आयोजन गर्नसक्नेछ;

(ख) आपदा प्रबन्धनका सबै पक्ष सामेल रहेको त्यस्तो व्यापक मानव संसाधन विकास योजना तयार गर्नका साथै कार्यान्वयन गर्नसक्नेछ;

(ग) राष्ट्रिय स्तरको नीति बनाउन सहायतता प्रदान गर्नसक्नेछ;

(घ) सरकारी कार्यभारधारीसहित हितधारकहरूका लागि प्रशिक्षण र अनुसन्धान कार्यक्रमको विकास गर्न प्रशिक्षण एवं अनुसन्धान संस्थानलाई अपेक्षित सहायतता प्रदान गर्न लगायत राज्य स्तरको प्रशिक्षण संस्थानका सङ्काय सदस्यहरूलाई पनि प्रशिक्षण दिनसक्नेछ;

(ङ) राज्य स्तरको नीति, रणनीति, आपदा प्रबन्धन पूर्वाधारमा राज्य सरकार तथा राज्य प्रशिक्षण संस्थानलाई सहायतता तथा आफ्ना कर्मचारीहरू, नागरिक समाजका सदस्य, करपोरेट क्षेत्र तथा जनताका निर्वाचित प्रतिनिधिसहित हितधारक एवं सरकारको क्षमता निर्माणका लागि राज्य सरकार वा राज्य प्रशिक्षण संस्थानलाई यथाअपेक्षित सहायतता प्रदान गर्नसक्नेछ;

(च) आपदा प्रबन्धनका लागि शैक्षिक र वृत्तिक पाठ्यक्रमसहित शैक्षिक सामग्री विकास गर्नसक्नेछ;

(छ) बहुविपत्तिको शमन, तयारी र त्यसको मोचनका उपायहरूसँग सहबद्ध महाविद्यालय वा स्कूल अध्यापक अनि विद्यार्थीहरू, तकनिकी कार्मिक तथा अन्य व्यक्तिसहित हितधारहरूबीच जागरूकता फैलाउन सक्नेछ;

(ज) पूर्वोक्त उद्देश्यहरूको संवर्धन गर्नका लागि देशभित्र वा देश बाहिर अध्ययन पाठ्यक्रम, सम्मेलन, व्याख्यान, गोष्ठी आयजन गरी त्यसलाई सुगम बनाउन सक्नेछ;

(झ) पत्रिका, अनुसन्धान पत्र र पुस्तकहरूको प्रकाशन गर्नसक्नेछ साथै पूर्वोक्त उद्देश्यलाई अग्रसर गर्नका लागि पुस्तकालयको स्थापना र त्यसको अनुरक्षण गर्नसक्नेछ;

(ञ) उपरोक्त उद्देश्य प्राप्त गर्न आवश्यक वा प्रासाङ्गिक त्यस्ता सबै अन्य विधिपूर्ण कार्य गर्नसक्नेछ; र

(ट) केन्द्रिय सरकारद्वारा निर्देशित त्यस्ता अन्य कुनै कार्यभार निष्पादन गर्नसक्नेछ।

43. राष्ट्रिय संस्थानका अधिकारी तथा अन्य कर्मचारी : केन्द्रिय सरकारले राष्ट्रिय आपदा प्रबन्धन संस्थानलाई कार्यभार निष्पादनका लागि आवश्यक ठहरिएको सङ्ख्यामा अधिकारी, परामर्शदाता तथा अन्य कर्मचारी उपलब्ध गराउनु पर्नेछ।

# अध्याय 8

## राष्ट्रिय आपदा मोचन बल

44. राष्ट्रिय आपदा मोचन बल :

(1) कुनै आपदाको आशङ्काको स्थिति वा आपदाको विशेषज्ञतापूर्ण मोचनको प्रयोजनका लागि एउटा राष्ट्रिय आपदा मोचन बल गठन गरिनेछ।

(2) यस अधिनियमको प्रावधानका अधीनमा रहँदै, निर्दिष्ट रूपमा उक्त बलको गठन गरिनेछ भने बलका सदस्यहरूको सेवा शर्त अन्तर्गत अनुशासन सम्बन्धी प्रावधान पनि त्यसमा सामेल गर्नुपर्नेछ।

45. नियन्त्रण, निर्देशन, आदि : बलको साधारण अधीक्षण, निर्देशन र नियन्त्रण राष्ट्रिय प्राधिकरणमा निहित रहनका साथै प्रयोग गरिनेछ भने बलको कमान र अधीक्षण केन्द्रिय सरकारद्वारा राष्ट्रिय आपदा मोचन बलका महानिर्देशकका रूपमा नियुक्त गरिने अधिकारीसँग निहित रहनेछ।

## अध्याय 9

## वित्त, लेखा र परीक्षा

### 46. राष्ट्रिय आपदा मोचन निधि

(1) केन्द्रिय सरकारले राजपत्रमा अधिसूचनाद्वारा, कुनै आपदाको आशङ्काको स्थितिमा वा आपदालाई सम्बोधित गर्नका लागि राष्ट्रिय आपदा मोचन निधिको नामले ज्ञात हुने निधि गठन गर्नका साथै निम्नलिखित जमा गर्नुपर्नेछ :

(क) केन्द्रिय सरकारले संसदद्वारा यसका लागि विधिद्वारा गरिएको सम्यक् विनियोगपछि त्यस्तो रकम प्रदान गर्नुपर्नेछ;

(ख) आपदा प्रबन्धनको प्रयोजनका लागि कुनै व्यक्ति वा संस्थाद्वारा गरिएको अनुदान।

(2) केन्द्रिय सरकारद्वारा राष्ट्रिय प्राधिकरणको परामर्शबाट अधिकथित मार्गदर्शक सिद्धान्त अनुसार, आपातकालीन मोचन, राहत र पुनर्वासको व्यय चुकाउनका लागि योजित गर्नका लागि राष्ट्रिय कार्यकारिणी समितिलाई राष्ट्रिय आपदा मोचन निधि उपलब्ध गराउनुपर्नेछ।

### 47. राष्ट्रिय आपदा शमन निधि

(1) केन्द्रिय सरकारले राजपत्रमा अधिसूचनाद्वारा, आपदा शमनको प्रयोजनका लागि अनन्य रूपमा परियोजनाको निम्ति राष्ट्रिय आपदा शमन निधिको नामले ज्ञात हुने एउटा निधि गठन गर्नसक्नेछ र त्यसमा केन्द्रिय सरकारले संसदद्वारा यस निमित्त विधिद्वारा सम्यक् विनियोग गरेपछि, त्यसमा रकम प्रदान गर्नुपर्नेछ।

(2) राष्ट्रिय आपदा प्रबन्धन निधिको उपयोजन राष्ट्रिय प्राधिकरणद्वारा गरिनेछ।

48. राज्य सरकारद्वारा निधिको स्थापना

(1) राज्य सरकारले राज्य प्राधिकरण र जिल्ला प्राधिकरण का गठन गर्नका लागि, अधिसूचना जारी गरेपछि, यस अधिनियमको प्रयोजनको निम्ति निम्नलिखित निधिहरू स्थापित गर्नुपर्नेछ, अर्थात् :

(क) राज्य आपदा मोचन निधिको नामले ज्ञात हुने निधि;

(ख) जिल्ला आपदा मोचन निधिको नामले ज्ञात हुने निधि;

(ग) राज्य आपदा शमन निधिको नामले ज्ञात हुने;

(घ) जिल्ला आपदा शमन निधिको नामले ज्ञात हुने निधि।

(2) राज्य सरकारले निम्नलिखित सुनिश्चित गर्नुपर्नेछ :

(i) उपधारा (1) को खण्ड (क) को अधीनमा स्थापित निधिहरू राज्य कार्यकारिणी समितिलाई उपलब्ध गराउने;

(ii) उपधारा (1) को खण्ड (ग) को अधीनमा स्थापित निधि राज्य प्राधिकरणलाई उपलब्ध गराउने;

(iii) उपधारा (1) को खण्ड (ख) र खण्ड (घ) को अधीनमा स्थापित निधि जिल्ला प्राधिकरणलाई उपलब्ध गराउने।

49. मन्त्रालय र विभागहरूद्वारा निधिको आबन्टन :

(1) भारत सरकारका का प्रत्येक मन्त्रालय वा विभागले, आफ्नो वार्षिक बजेटमा आफ्नो आपदा प्रबन्धन योजनामा वर्णित क्रियाकलाप अनि कार्यक्रम गर्ने प्रयोजनका लागि निधिको प्रावधान गर्नुपर्नेछ।

(2) उपधारा (1) को प्रावधानमा यथावश्यक परिवर्तनसहित राज्य सरकारका विभागहरूमा लागू हुनेछ।

50. आपात उपार्जन एवं लेखा-जोखा :

कुनै आपदाको आशङ्काको स्थिति वा आपदाको कारण, राष्ट्रिय प्राधिकरण वा राज्य प्राधिकरण वा जिल्ला प्राधिकरणले बचाउ वा राहतका लागि रसद वा सामग्री तत्काल रूपमा उपार्जन गर्न वा संसाधन तत्काल रूपमा जुटाउन आवश्यक महसुस गरे, त्यहाँ :

(क) सम्बद्ध विभाग वा प्राधिकारीलाई उपार्जन गर्नका लागि अधिकृत गर्नसक्नेछ भने यस्तो स्थितिमा ठेका आमन्त्रण गर्नका लागि अपेक्षित मानक प्रक्रिया मिनाहा गरिएको मानिनेछ;

(ख) यथास्थिति, राष्ट्रिय प्राधिकरण, राज्य प्राधिकरण वा जिल्ला प्राधिकरणद्वारा अधिकृत नियन्त्रक अधिकारीले रसद वा सामग्री उपार्जनबारे प्रमाण पत्रलाई यस्ता रसद वा सामग्रीको आपातकालीन आपूर्तिको लेखाजोखाको निम्ति विधिमान्य दस्तावेज वा रसिद मानिनेछ।

## अध्याय 10

## अपराध तथा जरिमाना

51. बाधा पुऱ्याउने आदिका लागि दण्ड, जुन कुनै युक्तियुक्त कारणबिना :

(क)केन्द्रिय सरकार वा राज्य सरकारका कुनै अधिकारी वा कर्मचारी अथवा राष्ट्रिय प्राधिकरण वा राज्य प्राधिकरण वा जिल्ला प्राधिकरणद्वारा अधिकृत कुनै व्यक्तिका लागि यस अधिनियमको अधीनमा उनको कार्यभार निर्वहनमा बाधा पुऱ्याए; वा

(ख) यस अधिनियमको अधीनमा केन्द्रिय सरकार वा राज्य सरकार वा राष्ट्रिय कार्यकारिणी समिति वा जिल्ला प्राधिकरणद्वारा वा उसको तर्फबाट दिइएको कुनै निर्देश पालन गर्न अस्वीकार गरेको खण्डमा,

यदि दोष सिद्ध भए एक वर्षसम्म अवधिको कारावास सजाय हुनेछ, वा जरिमाना, अथवा दुवैद्वारा दण्डनीय र यदि त्यस्तो बाधा वा निर्देशहरूको पालन गर्न अस्वीकार गरेको परिणामस्वरूप जीवनको हानि हुनगए, वा आसन्न खतरा उत्पन्न हुनगएको दोष सिद्ध भए, कारावासको सजाय हुनेछ, जसको अवधि दुई वर्षसम्म हुनसक्नेछ।

52. मिथ्या दाबीका लागि दण्ड : यदि कसैलै जानी-बुझी केन्द्रिय सरकार, राज्य सरकार, राष्ट्रिय प्राधिकरण, राज्य प्राधिकरण वा जिल्ला प्राधिकरणका कुनै अधिकारीसँग आपदाको परिणामस्वरूप कुनै राहत, सहायता, मरम्मति, निर्माण वा अन्य फाइदाका प्राप्त गर्ने उद्देश्यका साथ, सो तथ्य मिथ्या रहेको विश्वास हुँदाहुँदै पनि दाबी पेश गरेको पाइए तथा उक्त दोष सिद्ध हुनगए, दुई वर्षसम्मको कारावास सजायका साथमा जरिमानाद्वारा दण्डनीय हुनेछ।

53. धन वा सामग्री आदिको दुरूपयोगका लागि दण्ड : जो कसैले पनि आपदाको आशङ्काको स्थिति वा आपदाको निम्ति राहत पुऱ्याउनका लागि तय धन वा सामग्री सुम्पिएको वा अन्यथा अभिरक्षा वा आधिपत्यका लागि

दिइएको कुनै धन वा मालको दुरूपयोग वा अपयोजन गरे वा स्वयंद्वारा उपयोगको निम्ति हिनामिना वा व्यय गरे वा जानीबुझी कुनै अन्य व्यक्तिलाई यसो गर्न विवश बनाएको पाइए, तथा यस सम्बन्धमा दोष सिद्ध भए, दुई वर्षसम्मको कारावास तथा जरिमानाद्वारा दण्डित हुनेछ।

54. मिथ्या चेतावनीका लागि दण्ड : जो कसैले पनि कुनै आपदा वा त्यसको गम्भीरता वा त्यसको परिमाणको सम्बन्धमा आतङ्कित गर्ने मिथ्या सङ्कट सूचना वा चेतावनी दिएको पाइए तथा दोष सिद्ध भए एक वर्षसम्मको कारावास वा जरिमानाद्वारा दण्डित गरिनेछ।

55. सरकारका विभागहरूद्वारा अपराध :

(1) यदि यस अधिनियमको अधीनमा कुनै अपराध सरकारको कुनै विभागद्वारा गरिएको भए, त्यहाँ विभागका अध्यक्षलाई त्यस्ता अपराधको दोषी मानिनेछ र तद अनुसार, उक्त अपराध उनको जानकारीबिना गरिएको र त्यस अपराध गरिएको सम्बन्धमा निवारणका लागि सबै सम्यक् तत्परता देखाइएको साबित नभएसम्म, उनी विरुद्ध कार्वाही चलाउँदै दण्डित गरिनेछ।

(2) उपधारा (1) मा कुनै तथ्य हुँदाहुँदै, यदि यस अधिनियमको अधीनमा कुनै अपराध सरकारको कुनै विभागद्वारा गरिएको भए, तथा अपराध विभाग अध्यक्षले नभएर अन्य कुनै अधिकारीको सहमति वा मौनतामा गरिएको भए वा त्यो अपराध उनको कुनै उपेक्षाको कारण हुनगएको भए, त्यस्तो स्थितिमा ती अधिकारीलाई अपराधको दोषी मानिनेछ र तद अनुसार उनी विरुद्ध कार्वाही गर्नका साथै दण्डित गरिनेछ।

56. अधिकारीद्वारा कर्तव्य पालनमा असफलता वा त्यसक सम्बन्धमा यस अधिनियमका प्रावधानहरूको उल्लङ्घनप्रति मौनता : यस्ता कुनै अधिकारीमाथि अधिनियमद्वारा उनको अधीनमा कुनै कर्तव्य अधिरोपित गरिएको भए र उनले आफ्नो पदको कर्तव्यको पालन नगरे वा गर्न अस्वीकार

गरे वा स्वयंलाई त्यसबाट विमुख गरे, तथा आफूभन्दा वरिष्ठ अधिकारीको अभिव्यक्त लिखित अभिप्राप्त नगरेसम्म वा उनीसित त्यसो गर्नुको कुनै विधिपूर्ण कारण नभए,यस्तो कारावासद्वारा, जसको अवधि एक वर्षसम्मको हुनेछ वा जरिमानाद्वारा दण्डित गरिनेछ।

57. अध्यक्षको उपेक्षाको सम्बन्धमा कुनै आदेशको उल्लङ्घनका लागि शास्ति : यदि कुनै व्यक्तिले धारा 65 को अधीनमा दिइएको कुनै आदेशको उल्लङ्घन गरे, एक वर्षको अवधिसम्म रहेको कारावास वा जरिमाना अथवा दुवैद्वारा दण्डित गरिनेछ।

58. कम्पनीहरूद्वारा अपराध :

(1) जहाँ यस अधिनियमको अधीनमा कुनै अपराध, कुनै कम्पनी वा निगमित निकायद्वारा गरिएको भए, त्यहाँ त्यस्ता प्रत्येक व्यक्ति, जो अपराध गर्दा त्यस कम्पनीको कारोबार सञ्चालनका लागि त्यस कम्पनीका भारसाधक साथै त्यसप्रति उत्तरदायी थिए, तथा साथमा त्यस कम्पनीलाई पनि दोषी मानिनेछ र तद अनुसार कार्वाही गर्दै दण्डका भागी बन्नेछन् :

तथापि, यस उपधाराको कुनै कुरा कुनै त्यस्ता व्यक्तिले अपराध उनको जानकारीबिना गरिएको र त्यस्ता अपराधको निवारणका लागि सम्यक् तत्परता देखाइएको साबित गर्नसके, यस अधिनियममा प्रावधान गरिए अनुसार दण्डको भागी बन्नेछैन।

(2) उपधारा (1) मा कुनै पनि उल्लेख हुँदाहुँदै, जहाँ यस अधिनियमको अधीनमा कुनै अपराध कुनै कम्पनीद्वारा गरिएको भए, तथा अपराध कम्पनीका कुनै निर्देशक, प्रबन्धक, सचिव वा अन्य अधिकारीको सहमति वा मौनतामा गरिएको साबित भए, वा अपराध कसैको उपेक्षाद्वारा हुनगएको पाइए, त्यहाँ निर्देशक, प्रबन्धक, सचिव वा अन्य अधिकारीलाई पनि अपराधको दोषी मानिनेछ र तद अनुसार कार्वाहीका साथै दण्डित गरिनेछ।

स्पष्टिकरण : यस धाराको प्रयोजनका लागि :

(क) “कम्पनी”ले कुनै निगमित निकाय बोध गराउनेछ भने यस अन्तर्गत प्रतिष्ठान वा व्यक्तिको सङ्गम पनि सामेल रहनेछ, र

(ख) प्रतिष्ठानको (फर्म) सम्बन्धमा “निर्देशक”ले त्यस प्रतिष्ठानका साझेदार पनि बोध गराउनेछ।

59. अभियोजनका लागि पूर्व स्वीकृति : धारा 55 र धारा 56 अन्तर्गत दण्डनीय अपराधका लागि कुनै अभियोजन, यथास्थिति, केन्द्रिय सरकार वा राज्य सरकार वा यस्ता सरकारद्वारा साधारण अथवा विशेष आदेशद्वारा यसका निमित्त अधिकृत कुनै अधिकारीको पूर्व स्वीकृतिबिना संस्थित गरिनेछैन।

60. अपराधहरूको संज्ञान : कुनै पनि न्यायालयले यस अधिनियमको अधीनमा कुनै अपराधको संज्ञान निम्नलिखितद्वारा  का संज्ञान-कोई भी न्यायालय इस अधिनियम के अधीन किसी अपराध का संज्ञान निम्नलिखित द्वारा उजुरी गरिएबाहेक लिनेछैन :

(क) राष्ट्रिय प्राधिकरण, राज्य प्राधिकरण, केन्द्रिय सरकार, राज्य सरकार, जिल्ला प्राधिकरण वा, यथास्थिति, त्यस प्राधिकरण वा सरकारद्वारा यसका निमित्त अधिकृत कुनै प्राधिकारी वा अधिकारी, वा

(ख) त्यस्ता कुनै व्यक्ति, जसले अभिकथित अपराधबारे राष्ट्रिय प्राधिकरण, राज्य प्राधिकरण, केन्द्रिय सरकार, जिल्ला प्राधिकरण वा पूर्वोक्त अनुसार कुनै प्राधिकारी वाअधिकारीलाई उजुरी गर्ने आशयलाई नियत रीति अनुसार कम्तिको पनि तीस दिनको सूचना दिएको हुनुपर्नेछ।

अध्याय 11

अन्यान्य

61. विभेदको  का बन्देज : आपदाद्वारा पीडित व्यक्तिहरूलाई प्रतिपूर्ति अनि राहत दिँदा लिङ्ग, जाति, समुदाय, उद्भव वा धर्मको आधारमा कुनै विभेद गरिनेछैन।

62. केन्द्रिय सरकारले निर्देश जारी गर्ने शक्ति : तत्समय कुनै अन्य विधिमा कुनै कुरा हुँदाहुँदै पनि, केन्द्रिय सरकारका लागि आपदा प्रबन्धनलाई सुगम बनाउन वा त्यसमा सहायता गर्नका लागि, यथास्थिति, भारत सरकारका मन्त्रालय वा विभागहरू वा राष्ट्रिय कार्यकारिणी समिति वा कुनै राज्य सरकार, राज्य प्राधिकरण, राज्य कार्यकारिणी समिति, कानूनी निकाय वा कुनै अधिकारी वा कर्मचारीलाई लिखितमा निर्देश जारी गर्न विधिपूर्ण ठहरिनेछ भने यस्ता मन्त्रालय वा विभाग वा सरकार वा प्राधिकरण वा कार्यकारिणी समिति, कानूनी निकाय, अधिकारी वा कर्मचारीले त्यस्ता निर्देश पालन गर्न बाध्य ठहरिनेछ।

63. बचाउ कार्यका लागि उपलब्ध गराइने शक्ति : सङ्घ वा राज्यका कुनै अधिकारी वा प्राधिकारीले, राष्ट्रिय कार्यकारिणी समिति वा राज्य कार्यकारिणी वा जिल्ला प्राधिकरणद्वारा वा यस्ता कुनै समिति वा प्राधिकरणद्वारा यसका निमित्त प्राधिकृत कुनै व्यक्तिद्वारा अनुरोध गरिए, त्यस समिति वा प्राधिकरण वा त्यस व्यक्तिले, आपदा निवारण वा त्यसको शमन वा बचाउ वा राहत कार्यका सम्बन्धणा कुनै कार्यभार निष्पादन गर्नका लागि अनुरोध गरिएअनुसार त्यस्ता अधिकारी र कर्मचारी उपलब्ध गराउनु पर्नेछ।

64. कतिपय परिस्थितियमा नियम, आदि बनाउनु वा त्यसमा संशोधन गर्नु : यस अधिनियमका प्रावधानहरूका अधीनमा रहँदै, यदि यथास्थिति, राष्ट्रिय कार्यकारिणी समिति, राज्य कार्यकारिणी समिति वा जिल्ला प्राधिकरणलाई आपदाहरूको निवारण वा शमनको प्रयोजनका लागि, यथास्थिति, कुनै

नियम, विनियम, अधिसूचना, मार्गदर्शक सिद्धान्त, अनुदेश, आदेश, योजना वा उपविधिमा प्रावधान सामेल गर्न वा त्यसमा संशोधन गर्न आवश्यक रहेको देखिए, त्यस प्रयोजनका लागि यथास्थिति, नियम, विनियम, अधिसूचना, मार्गदर्शक सिद्धान्त, अनुदेश, आदेश, योजना वा उपविधिमा संशोधनको अपेक्षा गर्नसक्नेछ र समुचित विभाग वा प्राधिकारीले त्यस्ता अपेक्षाको अनुपालन गर्न आवश्यक कार्वाही गर्नुपर्नेछ।

65. बचाउ कार्य आदिका लागि संसाधन, रसद, वाहन आदि माग आदेश जारी गर्ने शक्ति :

(1) यदि राष्ट्रिय कार्यकारिणी समिति, राज्य कार्यकारिणी समिति वा जिल्ला प्राधिकरण वा तीद्वारा यस निमित्त यथा प्राधिकृत कुनै अधिकारीलाई यी कुराहरू प्रतीत भए :

(क) कुनै प्राधिकारी वा व्यक्तिसँग कुनै संसाधन तत्काल पठाउने प्रायोजनका लागि आवश्यक भए :

(ख) बचाउ कार्यको प्रयोजनका लागि कुनै परिसरको आवश्यकता वा त्यसको आवश्यकता सम्भावित भए; वा

(ग) आपदाबाट प्रभावित क्षेत्रमा संसाधनको परिवहन वा प्रभावित क्षेत्रको परिवहन वा बचाउ, पुनर्वास, पुनर्निर्माणको सम्बन्धमा परिवहनको प्रयोजनका लागि कुनै वाहनको आवश्यकता भए वा त्यसको आवश्यकता सम्भावित भए,

तब त्यस्ता प्राधिकारीले लिखित आदेशद्वारा, यथास्थिति, माग आदेशको सम्बन्धमा आवश्यकता वा समुचित प्रतीत भए, यस्ता संसाधन वा परिसर वा यस्ता वाहनको माग गर्नसक्नेछन् र आदेश पनि जारी गर्नसक्नेछन्।

(2) उपधारा (1) को अधीनमा कुनै पनि संसाधन, परिसर वा वाहनको माग गरिए, त्यस्ता माग आदेशको अवधि, त्यस उपधारामा उल्लेखित कुनै प्रयोजनका लागि अपेक्षित अवधिभन्दा धेरै अवधिको हुनेछैन।

(3) यस धारामा :

(क) “संसाधन” अन्तर्गत मानव साथै सामग्री संसाधन सामेल रहनेछ;

(ख) “सेवाहरू” अन्तर्गत सुविधाहरू सामेल रहनेछ;

(ग) “परिसर”ले कुनै भूमि वा भवनको कुनै भाग बुझिनेछ र यस अन्तर्गत झोपडी, छप्पर वा कुनै अन्य संरचना वा त्यसको भाग पनि सामेल रहनेछ; र

(घ) “वाहन”ले परिवहनको प्रयोजनका लागि उपयोग गरिएका वा गर्नका लागि सक्षम कुनै यान/वाहन बुझिनेछ चाहे त्यो यान्त्रिक शक्ति वा अन्यथा अरू कुनै माध्यमले।

66. प्रतिपूर्तिको भुक्तानी :

(1) धारा 65 को उपधारा (1) मा निर्दिष्ट कुनै समिति, प्राधिकरण वा अधिकारीले यस धाराको अनुसरणमा कुनै परिसरको माग गरेको भए, हितधारक व्यक्तिहरूलाई प्रतिपूर्तिको भुक्तानी गर्नुपर्नेछ, जसको रकम निम्नलिखितलाई ध्यानमा राख्दै तय गरिनेछ, अर्थात् :

(i) परिसरको सम्बन्धमा भुक्तानी गर्नुपर्ने किराया वा यदि यस प्रकारको कुनै किराया देय नभए, त्यस परिक्षेत्रमा त्यस समान परिसरका लागि देय किराया;

(ii) यदि परिसरको मागको परिणामस्वरूप हितबद्ध व्यक्तिले आफ्नो आवास वा कारोबारको स्थान परिवर्तन गर्न बाध्य भए, त्यस्ता परिवर्तनबाट अनुषङ्गी युक्तियुक्त व्यय (यदि भए)।

तथापि, जहाँ कुनै हितबद्ध व्यक्तिले यस प्रकार अवधारित प्रतिपूर्तिको रकमबाट व्यथित भएर, यथास्थिति, केन्द्रिय सरकार वा राज्य सरकारलाई तीस दिनभित्र मामिलालाई कुनै मध्यस्थताद्वारा निर्दिष्ट गर्न आवेदन गरे, देय प्रतिपूर्तिको रकम, यथास्थिति, केन्द्रिय सरकार वा राज्य सरकारद्वारा यसका निमित्त नियुक्त मध्यस्थकर्ताले तय गरेअनुरूप हुनेछ।

यद्यापि, यदि प्रतिपूर्ति प्राप्त गर्नका लागि हकदारीको सम्बन्धमा वा प्रतिपूर्ति रकमको बाँडफाँडको सम्बन्धमा कुनै विवाद सिर्जना भए, त्यस विवादलाई, यथास्थिति, केन्द्रिय सरकार वा राज्य सरकारद्वारा यसका निमित्त नियुक्त कुनै मध्यस्थकर्तालाई तय गर्न निर्दिष्ट गरिनेछ र मध्यस्थकर्ताको निर्णय अनुसार छिनोफानो गरिनेछ।

स्पष्टिकरण : यस उपधारामा हितबद्ध व्यक्तिले त्यस्ता व्यक्ति बुझिनेछ, जो धारा 65 का अधीनमा माग गरिएको परिसरमा, माग आदेश जारी गर्न तुरुन्तैअघि वास्तविक रूपमा त्यहाँ थिए वा कुनै व्यक्तिको त्यस प्रकारका वास्तविक कब्जामा नभए, त्यस्ता परिसरका स्वामी बुझिनेछ।

(2) कुनै पनि समय धारा धारा 65 को उपधारा (1) मा निर्दिष्ट कुनै समिति, प्राधिकरण वा अधिकारीले त्यस धाराको अनुसरणमा कुनै वाहनको माग पेश गरे, यथास्थिति, केन्द्रिय सरकार वा राज्य सरकारद्वारा त्यस्ता वाहनको किरायाका लागि त्यस परिक्षेत्रमा विद्यमान भाडा वा दरको आधारमा तय गरिएअनुसार त्यसका स्वामीलाई प्रतिकरको भुक्तानी गरिनेछ।

तथापि, तय गरिएको प्रतिकरको रकमबाट व्यथित त्यस्ता वाहनका स्वामीले तय समय सीमाभित्र मामिलालाई कुनै मध्यस्थताद्वारा निर्दिष्ट गर्नका लागि, यथास्थिति, केन्द्रिय सरकार वा राज्य सरकारलाई आवेदन गरिए, भुक्तानी गरिने प्रतिकरको रकम, यसका निमित्त केन्द्रिय

सरकार वा राज्य सरकारद्वारा नियुक्त मध्यस्थकर्ताद्वारा निर्धारित गरिए अनुरूप हुनेछ।

यद्यापि, जहाँ माग गर्नुभन्दा ठीकअघि, वाहन वा जलयान, अवक्रय करारका कारण स्वामीभन्दा फरक अन्य कुनै व्यक्तिको कब्जामा भए, त्यहाँ माग अनुसार देय कूल प्रतिकरको रूपमा, यस उपधाराको अधीनमा तय रकम त्यस व्यक्ति र स्वामीबीच भएको सहमति अनुसार, यथास्थिति, केन्द्रिय सरकार वा राज्य सरकारद्वारा यसका निमित्त नियुक्त मध्यस्थकर्ताद्वारा निश्चय गरिए बमोजिम विभाजित गरिनेछ।

67. चेतावनी, आदिको सूचनाका लागि मिडियालाई निर्देश : राष्ट्रिय प्राधिकरण, राज्य प्राधिकरण वा कुनै जिल्ला प्राधिकरणका कुनै प्राधिकारी वा कुनै श्रव्य-दृश्य सञ्चार माध्यम वा सूचनाका लागि यस्ता साधनहरूमाथि नियन्त्रण राख्ने व्यक्तिलाई, कुनै आपदाको आशङ्काको स्थिति वा आपदा आइपरेको स्थितिमा कुनै चेतावनी वा मन्त्रणा कार्यान्वित गर्नका लागि उपलब्ध भए, निर्देश जारी गर्न सरकारलाई सिफारिश गर्नसक्नेछ भने सूचनाको उक्त साधनले यथानिर्दिष्ट सञ्चार माध्यमले त्यस्ता निर्देश पालन गर्नुपर्नेछ।

68. आदेश वा निर्णयको अधिप्रमाणन : राष्ट्रिय प्राधिकरण वा राष्ट्रिय कार्यकारिणी समिति वा राज्य प्राधिकरण वा राज्य कार्यकारिणी समिति वा जिल्ला प्राधिकरणको प्रत्येक आदेश वा निर्णयलाई राष्ट्रिय प्राधिकरण वा राष्ट्रिय कार्यकारिणी समिति वा राज्य कार्यकारिणी समिति वा जिला प्राधिकरणका त्यस्ता अधिकारीद्वारा अधिप्रमाणित गरिनेछ, जसलाई यसका निमित्त प्राधिकृत गरिएका छन्।

69. शक्तिहरूको प्रत्यायोजन : यथास्थिति, राष्ट्रिय कार्यकारिणी समिति, राज्य कार्यकारिणी समितिले लिखित साधारण वा विशेष आदेशद्वारा अध्यक्ष वा कुनै अन्य सदस्य वा कुनै अधिकारीलाई, यदि भए, त्यस्ता शर्त अनि परिसीमाको अधीनमा रहँदै, आदेशमा विनिर्दिष्ट गरिएअनुरूप, आवश्यकता

अनुसार, अधिनियमको अधीनमा आफ्नो यस्ता शक्ति अनि कार्यभार प्रत्यायोजित गर्नसक्नेछ।

70. वार्षिक प्रतिवेदन :

(1) राष्ट्रिय प्राधिकरणले प्रत्येक वर्ष, निर्दिष्ट गरिएअनुरूप त्यस्ता प्रारूपमा, आफ्नो वार्षिक प्रतिवेदन तयार गर्नुपर्नेछ, जसमा बितेको वर्षको अवधिमा उसको क्रियाकलापको सही अनि पूरा विवरण सामेल गरेको हुनुपर्नेछ भने त्यसको प्रतिलिपि केन्द्रिय सरकारलाई पनि पठाउनुपर्नेछ, र सरकारले प्राप्त गरेको एक महिनाभित्र त्यसलाई संसदको दुवै सदनसमक्ष पेश गराउनुपर्नेछ।

(2) राज्य प्राधिकरणले, प्रत्येक वर्ष निर्दिष्ट गरिएअनुरूप प्रारूपमा, वार्षिक प्रतिवेदन तयार गर्नुपर्नेछ, जसमा बितेको वर्षको अवधिमा उसको क्रियाकलापको सही अनि पूरा विवरण सामेल गरेको हुनुपर्नेछ भने त्यसको प्रतिलिपि राज्य सरकारलाई पनि पठाउनुपर्नेछ, जसलाई राज्य सरकारले आफ्नो राज्यको विधानपालिकाको दुवै सदनको प्रत्येक सदनमा प्रस्तुत गर्नुपर्नेछ तथा यदि राज्यमा एउटा मात्र सदन भए, त्यस सदनमा पेश गर्नुपर्नेछ।

71. न्यायालयको अधिकारिता का निषेध : कुनै न्यायालयलाई (सर्वोच्च न्यायालय वा उच्च न्यायालयबाहेक), केन्द्रिय सरकार, राष्ट्रिय प्राधिकरण, राज्य सरकार, राज्य प्राधिकरण वा जिला प्राधिकरणद्वारा यस अधिनियमद्वारा प्रदान गरिएको कुनै शक्तिको अनुसरणमा वा यसको अधीनमा कार्यभारको सम्बन्धमा कुनै कुरा वा कार्वाही गरिए, आदेश, दिइएको आदेश वा अनुदेश वा मार्गदर्शनको सम्बन्धमा कुनै वाद वा कार्वाही गर्ने अधिकार रहनेछैन।

72. अधिनियमका अध्यारोही प्रभाव : यस अधिनियमको प्रावधान, तत्समय प्रवृत्त कुनै अन्य विधिमा वा यस अधिनियमभन्दा फरक कुनै विधिको

आधारमा प्रभाव राख्ने कुनै लिखतमा यसको विपरीत कुनै कथन भए तापनि प्रभावी रहनेछ।

73. सद्भावपूर्वक गरिएको कार्वाही : यस अधिनियम वा यसका अधीनमा बनाइएका नियम वा विनियमका प्रावधानको अधीनमा केन्द्रिय सरकार वा राष्ट्रिय प्राधिकरण वा राज्य सरकार वा राज्य प्राधिकरण वा जिल्ला प्राधिकरण वा स्थानीय प्राधिकारीका कुनै अधिकारी वा कर्मचारी वा यस्ता सरकार वा प्राधिकरणका निमित्त कार्यरत कुनै व्यक्तिद्वारा सद्भावपूर्वक गरिएखा कुनै कार्य वा गर्नका लागि तत्पर वा गर्नका लागि अपेक्षित कुनै कार्यको निम्ति कुनै न्यायालयमा कुनै वाद वा अभियोजन वा अन्य कार्वाही यस्ता प्राधिकरण वा सरकार वा यस्ता अधिकारी वा कर्मचारी वा त्यस्ता व्यक्ति विरुद्ध गरिनेछैन।

74. विधिक प्रक्रियाबाट उन्मुक्ति : केन्द्रिय सरकार, राष्ट्रिय प्राधिकरण, राष्ट्रिय कार्यकारिणी समिति, राज्य सरकार, राज्य प्राधिकरण, राज्य कार्यकारिणी समिति वा जिल्ला प्राधिकरणका अधिकारी अनि कर्मचारीले आफ्नो शासकीय क्षमतामा उनीद्वारा सूचित वा प्रसारित कुनै आसन्न आपदाको निम्ति, यस्ता सूचना वा प्रसारणको अनुसरणमा उनीद्वारा गरिएका कुनै कार्वाही वा जारी आदेश विधिगत प्रक्रियाबाट उन्मुक्त रहनेछ।

75. केन्द्रिय सरकारको नियम बनाउने शक्ति :

(1) केन्द्रिय सरकारले इस अधिनियमको प्रयोजनका लागि कार्यान्वित गर्न राजपत्रमा अधिसूचना जारी गर्दै नियम बनाउन सक्नेछ।

(2) विशिष्टतया र पूर्वगामी शक्तिको व्यापकतामाथि प्रतिकूल प्रभाव नपारी, यस्ता नियम निम्नलिखित सबै वा केही विषयका लागि प्रबन्ध गर्नसक्नेछ, अर्थात् :

(क) धारा 3 को उपधारा (2) को अधीनमा प्राधिकरणको संरचना र सदस्यहरूको सङ्ख्या तथा त्यसको उपधारा (4) को अधीनमा राष्ट्रिय प्राधिकरणका सदस्यहरूको पदावधि र सेवा शर्त;

(ख) धारा 7 को उपधारा (2) को अधीनमा सल्लाहकार समितिका सदस्यहरूका लागि प्रदान गरिने भत्ता;

(ग) धारा 8 को उपधारा (3) को अधीनमा राष्ट्रिय कार्यकारिणी समितिका अध्यक्षका शक्ति तथा कार्यभार तथा धारा 8 को उपधारा (4) को अधीनमा राष्ट्रिय कार्यकारिणी समितिद्वारा आफ्नो शक्तिको प्रयोग र आफ्नो कार्यभार निर्वहन गर्न अनुसरण गरिने प्रक्रिया;

(घ) धारा 9 को उपधारा (3) को अधीनमा राष्ट्रिय कार्यकारिणी समितिद्वारा गठित उपसमितिबाट सहयुक्त व्यक्तिहरूलाई प्रदान गरिने भत्ता;

(ङ) धारा 42 को उपधारा (2) को अधीनमा राष्ट्रिय आपदा प्रबन्धन संस्थानका सदस्य सङ्ख्या उपधारा (3) को अधीनमा सदस्यहरूको पदावधि र रिक्त पदहरू भर्ने प्रक्रिया र उपधारा (4) को अधीनमा राष्ट्रिय आपदा प्रबन्धन संस्थानको शासकीय निकाय गठन गर्ने नीति;

(च) धारा 44 को उपधारा (2) को अधीनमा बल गठन गर्ने प्रक्रिया, अनुशासनिक प्रावधानसहित सदस्यहरूका सेवा शर्त;

(छ) धारा 60 को खण्ड (ख) को अधीनमा राष्ट्रिय प्राधिकरण, राज्य प्राधिकरण, केन्द्रिय सरकार, राज्य सरकार वा प्राधिकारी वा अधिकारीलाई अपराधको सूचना र परिवाद गर्ने आशयको सूचना दिने प्रक्रिया;

(ज) धारा 70 अन्तर्गत वार्षिक प्रतिवेदन तयार गर्नुपर्ने प्रारूप र समय सीमा;

(झ) निर्दिष्ट गरिएका वा गर्नसकिने, वा नियमद्वारा प्रावधान गर्नसकिने अन्य कुनै विषय।

76. विनियम बनाउने शक्ति :

(1) राष्ट्रिय आपदा प्रबन्धन संस्थानले, केन्द्रिय सरकारको पूर्व अनुमोदनद्वारा यस अधिनियमको प्रयोजन कार्यानिवित गर्नका लागि, यस अधिनियम तथा यसको अधीनमा बनाइएका नियमहरू अन्तर्गत विनियम राजपत्रमा अधिसूचना जारी गरी बनाउन सक्नेछ।

(2) विशिष्टतया तथा पूर्वगामी शक्तिको व्यापकतामाथि प्रतिकूल प्रभाव नपारी यस्ता विनियम निम्नलिखित सबै वा केही विषयका सम्बन्धमा प्रावधान बनाउन सकिनेछ, अर्थात् :

(क) शासकीय निकायद्वारा प्रयोग गरिने शक्ति तथा तिनीद्वारा निर्वहन गरिने कार्यभार;

(ख) शासकीय निकायद्वारा आफ्नो शक्तिको प्रयोग र आफ्नो कार्यभार निर्वहनमा अप्नाइने प्रक्रिया;

(ग) यस अधिनियमको अधीनमा विनियमहरूद्वारा प्रावधान गर्नसकिने यस्ता अन्य कुनै विषय।

77. नियम तथा विनियमहरूलाई संसदसमक्ष राख्नु : यस अधिनियमको अधीनमा केन्द्रिय सरकारद्वारा बनाइएका प्रत्येक नियम तथा राष्ट्रिय आपदा प्रबन्धन संस्थानद्वारा बनाइएका प्रत्येक विनियम, बनाइएपछि, यथाशीघ्र, संसदको प्रत्येक सदनसमक्ष, सत्रमा रहेको बेला, कूल तीस दिनको अवधिका लागि राख्न सकिनेछ। यो अवधिको एक सत्रमा अथवा दुई वा धेरै आनुक्रमिक सत्रमा पूरा हुनसक्नेछ। यदि सत्यस सत्रको वा पूर्वोक्त आनुक्रमिक सत्रपछिको

सत्रको अन्त्य हुनुभन्दा अघि दुवै सदनमा उक्त नियम वा विनियममा कुनै परिवर्तन गर्नका लागि सहमति भए, वा दुवै सदनमा नियम वा विनियम बनाउनु हुँदैन भन्ने सहमति भए, उक्त नियम वा विनियम केवल, यथास्थिति, त्यस्ता परिवर्तित रूपमा मात्र प्रभावी वा निष्प्रभावी हुनेछ। तथापि, यस्ता परिवर्तन वा निष्प्रभावी हुनुले नियम वा विनियमको अधीनमा अघिबाटै गरिएको कुनै पनि कुराको विधिमान्यतामाथि कुनै प्रतिकूल प्रभाव पर्नेछैन।

78. राज्य सरकारको नियम बनाउने शक्ति :

(1) राज्य सरकारले, यस अधिनियमको प्रयोजनलाई कार्यान्वित गर्नका लगि नियम राजपत्रमा अधिसूचना प्रकाशित गरी बनाउन सक्नेछ।

(2) विशिष्टतया तथा पूर्वगामी शक्तिको व्यापकतामाथि प्रतिकूल प्रभाव नपारी, यस्ता नियममा निम्नलिखित सबै वा केही विषयको निम्ति प्रावधान गर्नसकिनेछ, अर्थात् :

(क) धारा 14 को उपधारा (2) को अधीनमा राज्य प्राधिकरणको संरचना तथा सदस्यहरूको सङ्ख्या तथा त्यसको उपधारा (5) को अधीनमा राज्य प्राधिकरणका सदस्यहरूको पदावधि र सेवा शर्त;

(ख) धारा 17 को उपधारा (2) को अधीनमा सल्लाहकार समितिका सदस्यहरूलाई प्रदान गरिने भत्ता;

(ग) धारा 20 को उपधारा (3) को अधीनमा राज्य कार्यकारिणी समितिको अध्यक्षका शक्ति तथा कार्यभार एवं धारा 20 को उपधारा (4) अन्तर्गत राष्ट्रिय कार्यकारिणी समितिद्वारा आफ्नो शक्तिको प्रयोग र आफ्नो कार्यभार निर्वहन गर्न अनुसरण गरिने प्रक्रिया;

(घ) धारा 21 को उपधारा (3) अन्तर्गत राज्य कार्यकारिणी समितिद्वारा गठित उपसमितिबाट सहयुक्त व्यक्तिहरूलाई प्रदान गरिने भत्ता;

(ङ) धारा 25 को उपधारा (2) को अधीन जिल्ला प्राधिकरणको संरचना अनि सदस्यहरूको सङ्ख्या तथा धारा 25 को उपधारा (3) को अधीन जिल्ला प्राधिकरणको मुख्य कार्यकारी अधिकारीद्वारा गरिने शक्तिको प्रयोग र निर्वहन गरिने कार्यभार;

(च) धारा 28 को उपधारा (3) अन्तर्गत विशेषज्ञका रूपमा जिल्ला प्राधिकरणद्वारा गठित कुनै समितिबाट सहयुक्त व्यक्तिहरूलाई प्रदान गरिने भत्ता;

(छ) नियमद्वारा प्रावधान गरिएका वा गर्नसकिने अन्य कुनै विषय।

(3) यस अधिनियमको अधीनमा राज्य सरकारद्वारा बनाइएका प्रत्येक नियम, बनाइएपछि, यथाशीघ्र राज्य विधान मण्डलको प्रत्येक सदनमा, यदि दुईवटा सदन मिलाएर विधान मण्डल बनाइएको भए अथवा एउटै मात्र सदन भए, त्यस्ता सबै सदनसमक्ष पेश गर्नुपर्नेछ।

79. कठिनाईहरू अन्त्य गर्ने शक्ति :

(1) यदि यस अधिनियमका प्रावधानहरूलाई प्रभावी गर्न कुनै कठिनाई उत्पन्न भए, यथास्थिति, केन्द्रिय सरकार वा राज्य सरकारले राजपत्रमा अधिसूचना जारी गर्दै, यस अधिनियमका प्रावधानहरूसँग असङ्गतपूर्ण नहुने तथा कठिनाईहरू अन्त्य गर्न आवश्यक वा उचित प्रतीत हुने त्यस्ता आदेश जारी गर्नसक्नेछ;

तथापि, यस अधिनियमको प्रारम्भदेखि दुई वर्षको अवसानपश्चात्, त्यस्ता कुनै आदेश जारी गर्नसकिने छैन।

(2) यस धाराको अधीनमा जारी प्रत्येक आदेश, जारी गरिएपश्चात्, यथास्थिति, संसद वा विधान मण्डलको प्रत्येक सदनसमक्ष पेश गर्नुपर्नेछ।

टीके विश्वनाथन

भारत सरकारका सचिव